जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक १६४ • २०८२ साल कार्तिक २८ गते शुक्रबार (14 November, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सभामुख मण्डलमाथि महाअभियोग दर्ता
# प्रदेशसभामा सांसदहरु थुनिए, केहीमाथि हातपात

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलमाथि बिहीबार महाअभियोग दर्ता गरिएको छ।

मधेश प्रदेशकी उपसभामुख बबिता राउत इसरले तोक लगाएपछि प्रदेश सचिव बासुप्रसाद कोइरालाले महाअभियोग दर्ता गरेका छन्। सभामुख मण्डलका समर्थकहरुले दर्ता रजिष्टर लुकाएपछि सचिव कोइरालाले नयाँ रजिष्टर खडा गरी १ नम्बर दर्ता कायम गरेका छन्।

नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल र जनमत पार्टीका ६४ जना सांसदहरुले हस्ताक्षर गरेको महाअभियोग पत्र दर्ता गर्न सभामुख मण्डलका समर्थकहरुले कयौं घण्टा अवरोध गरेका थिए।

सभामुख मण्डल बेलुका करिब ६ बजे प्रदेश सभामा पुगेपछि उनका समर्थकहरुले महाअभियोग दर्ता गर्न गएका सांसदहरुलाई हातपात गरेका थिए। मण्डल समर्थकहरुले जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादव र लोसपा संसदीय दलका उपनेता उपेन्द्र महतोमाथि हातपात गरेको प्रत्यक्षदर्शीहरुले बताएका छन्।

महाअभियोग दर्ता गर्न पुगेका सांसदहरुलाई सभामुख मण्डलका समर्थकहरुले कोठामा थुनेका थिए। लामो समयसम्म उनीहरुलाई बाहिर निस्कन दिएका थिएनन्। सांसदहरुलाई बन्धक बनाएर हातपात गरेको सांसद महतोले जनाएका छन्।

संसद सचिवालयमा रहेका सुरक्षाकर्मीहरु मुकदर्शक बनेको सांसदहरुले आरोप लगाएका छन्। प्रत्यक्षदर्शीहरुका अनुसार केही सांसद शौचालयमा र केही सांसद उपसभामुख इसरको सचिवालयमा थुनिएका थिए।

प्रदेश सभा सचिवालय भित्र सांसदहरु रहेका बेला मूल ढोकामा प्रहरीले ताल्चा लगाइदिएपछि कर्मचारीहरुले बत्ति निभाएको आरोप छ। प्रदेश सभा सचिवालयमा भारी संख्यामा



एमालेका नेता, कार्यकर्ताहरुलाई प्रवेश गराइएको थियो।

महाअभियोग दर्ता गर्न सात दलीय गठबन्धनका सांसदहरु गुपचुप रुपमा प्रदेश सभा पुगेका थिए। तर त्यसको भेउ पाएका सभामुख मण्डलले प्रस्ताव दर्ता अगावै प्रदेश सभा बैठकमा नियमित उपस्थित नभएका करिब १५ जना सांसदलाई निलम्बन गर्ने तयारी गरेका थिए। उनले सांसदहरुलाई निलम्बन गर्नु अगावै महाअभियोग प्रस्ताव दर्ता भइसकेपछि मण्डल आक्रोशित भएका छन्।

अबेर राति उनीहरुलाई धनुषाका प्रहरी नायव उपरिक्षक( डीएसपी) गणेश बहादुर बमको नेतृत्वमा गएको प्रहरी टोलीले उद्धार गरेको छ। प्रदेश सभा भवनमा बन्धक बनाइएका सांसदहरुलाई प्रहरी सुरक्षामा प्रदेश सभाबाट बाहिर निकालेर गणतव्य तर्फ पठाइएको थियो।

महाअभियोग पत्र दर्ता गर्न नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण यादव, जसपा नेपाल संसदीय दलका नेता सरोज कुमार यादव, नेपाली कम्युनिष्ट पार्टी दलका नेता भरत साह, जनमत पार्टी दलका नेता महेशप्रसाद यादवलगायतका सांसद रहेका थिए।

संविधानको धारा १८२ को उपधारा (ग)बमोजिम सभामुखले पद अनुकूल आचरण नगरेको भन्ने प्रस्ताव प्रदेश सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा सभामुख पदमुक्त हुने व्यवस्था छ।

मधेश प्रदेशमा हाल १ सय ४ सदस्य कायम छन्। तीन जना निलम्बनमा परेका छन्। दुई तिहाइका लागि ७० जना सांसदहरुको समर्थन जुटे सभामुख मण्डल पदमुक्त हुनेछन्। हाल ६४ जनाको हस्ताक्षर सहित महाअभियोग दर्ता गरिएको छ।

प्रदेश सभा सचिवालयमा दर्ता गरिएको महाअभियोग पत्रमा नेपाल अधिराज्यको संविधान २०७२ र प्रदेशसभा कार्य सञ्चालन नियमावली, २०७५ बमोजिम प्रदेश सभाको सभामुखले सभाको बैठक सञ्चालनको क्रममा कुनै दलको प्रभाव बिना संसदीय मूल्य, मान्यता तथा नियमावली बमोजिम सञ्चालन गर्नुपर्नेमा सभामुख रामचन्द्र मण्डलले एक दलको निर्देशन बमोजिम पटकपटक सभा सञ्चालन गरेको, विपक्षी दलको उपस्थिति बिना पनि सभा सञ्चालन गरेको तथा २०८२/०७/२२ गतेको बैठकमा कार्य व्यवस्था परामर्श समितिको निर्णय विपरीत प्रदेश सभामा संसदीय दलको नेतालाई रोष्टम प्रयोग गर्न नदिएको तथा अन्य प्रदेश सभा सदस्यलाई रोष्टम प्रयोग गर्न दिएको तथ्य इतिहासमा नै नभएको मुख्यमन्त्रीलाई समेत रोष्टम प्रयोग गर्न नदिएकोले सभामुखले पद अनुकूलको आचरण नगरेकोले यसै साथ संलग्न ६४ जना प्रदेश सभा सदस्यको समर्थनमा सभामुखले पद अनुकूल आचरण नगरेको प्रस्ताव प्रदेश सभामा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १८० को उपनियम (१) बमोजिम पेश गर्दछौं उल्लेख रहेको छ।

महाअभियोग पत्रमा नेपाली कांग्रेसको तर्फबाट प्रमुख सचेतक कुमरकान्त झा, जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादव, जनमत पार्टी दलका नेता महेश प्रसाद यादव, नेकपा माओवादी दलका नेता भरतप्रसाद साह, लोसपा दलका नेता जयनुल राइन, नेकपा एसका प्रमुख सचेतक कनिष पटेल र नागरिक उन्मुक्ति दलका नेता उर्मिला देवी सिंहको हस्ताक्षर गरेका छन्।

महाअभियोग लागेका सभामुख मण्डलले आफूमाथि त्यस्तो प्रस्ताव दर्ता नभएको दाबी गर्दै उपसभामुखलाई निवेदनमा तोक लगाउने अधिकार नभएको बताए। सांसदहरुलाई कुटपिट भएको बारे जानकारी नभएको जिकिर गरे। मधेश प्रदेशको मुख्यमन्त्री नियुक्तिको मुद्दा सर्वोच्च अदालतमा विचाराधिन रहेको बेला प्रदेश सभाको विषय पनि अदालत जाने संकेत देखिएको छ। महाअभियोग लगाउन दर्ता भइसकेको पत्रलाई दर्ता नभएको सभामुख मण्डलले बताएपछि विषय अदालतसम्म जाने सम्भावना बढेको छ।

## पाँचजना प्रदेश सांसद पदमुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभा सचिवालयले पाँच जना प्रदेश सांसदलाई पदमुक्त गरेको जनाएको छ।

प्रदेशसभा सचिव बासुप्रसाद कोइरालाले एक सूचना जारी गर्दै संविधानको धारा १८२(६) बमोजिम प्रदेशसभा बैठकमा लगातार १० पटक अनुपस्थित रहेका सदस्यहरू पदमुक्त भएको जनाएको छ।

प्रदेशसभा सचिवालयका अनुसार २०८२ कार्तिक २७ गतेदेखि ती सदस्यहरूको पद रिक्त भएको छ। सचिवालयले प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७४ को नियम १८५ बमोजिम सूचना जारी गर्दै पद रिक्तबारे सम्बन्धित सबै निकायलाई जानकारी गराएको छ।

सूचनामा उल्लेख भएअनुसार, पद रिक्त भएका सदस्यहरूमा सर्लाहीका उर्मिला देवी सिंह, मनीष कुमार सुमन, सञ्जय कुमार यादव, सिंहासन सा कलवार र बाराका सारदा शंकर प्रसाद कलवार रहेका छन्।

कार्तिक २२ गते बसेको प्रदेशसभा बैठकमा यी पाँचै जना सांसद उपस्थित रहे पनि सभामुखले प्रदेशसभा सचिवलाई दबाब दिएर पदमुक्त गराएको आरोप लाग्न थालेको छ।

## जनमतबाट विभाजन भएको दलले मान्यता पाएन

**टुडे समाचारदाता**

जनकपुरधाम । सीके राउतको नेतृत्वको जनमत पार्टी विभाजन गरी नयाँ दल दर्ता गर्ने निर्णयलाई सर्वोच्च अदालतले मान्यता नदिने फैसला गरेको छ।

सर्वोच्च अदालतले बिहीबार जनमत पार्टीबाट फुटेर गठन गरिएको जनस्वराज पार्टी दल विभाजनपछि नयाँ दल दर्ता गर्ने निर्णय उत्प्रेषणको आदेशले बदर गरेको छ। विगतमा जारी भएर खारेज भएको अध्यादेशका आधारमा दल दर्ता भएको भन्दै अदालतको पूर्ण इजलासले जनमतबाट अलग भइ गठन गरिएको पार्टीलाई मान्यता दिएन।

न्यायाधीशहरू सपना प्रधान मल्ल, सुनिल पोखरेल र मेघराज पोखरेलको इजलासले यस्तो फैसला गरेको छ। दल विभाजन गरेपछि अध्यक्ष राउत अदालत




पुगेका थिए।

अध्यक्ष राउत नेतृत्वको जनमत पार्टी विभाजित भएर एक पक्षले जनस्वराज पार्टी निर्वाचन आयोगमा दर्ताका लागि प्रक्रिया अघि बढाइएको थियो। जनमतका पूर्वउपाध्यक्ष ई. दीपक साहको नेतृत्वमा करिब २० प्रतिशत केन्द्रीय कार्यकारिणी सदस्यले निर्वाचन आयोगमा नयाँ दल दर्ताका लागि निवेदन दिएका थिए।

उपाध्यक्ष अब्दुल खाँ यसअघि नै जनमत पार्टीबाट अलग भएका थिए। जनमत पार्टीमा ५२ जना केन्द्रीय कार्यकारिणी सदस्य छन्। २०७९ को प्रतिनिधिसभामा जनमतको ६ जना सदस्य छन्।

यता दुई वर्ष अघि देखि जसपा नेपाल दल विभाजनको मुद्दा सर्वोच्च अदालतमा विचाराधिन छ। जनमत पार्टी दल विभाजनको मुद्दा दिएको एक महिनाभित्रमै न्याय पाएको छ भने जसपा नेपाल दल विभाजनसम्बन्धी विवाद अदालतले पूर्ण इजलासमा पठाउन आदेश दिएको छ।


विगतको यथास्थितिमा राख्ने निर्णयलाई यथावत राख्दै सर्वोच्च अदालतको पूर्ण इजलासमा पठाउने आदेश गरेको सर्वोच्च अदालतको प्रशासनले जनाएको छ। कानुन विपरीत जसपाले दलको मान्यता पाएको भन्दै जनता समाजवादी पार्टी नेपालले निर्वाचन आयोगविरुद्ध मुद्दा दायर गरेको थियो।

जसपा नेपालबाट वरिष्ठ नेता अशोक राईले ७ सांसद लिएर विद्रोह गर्दै जनता समाजवादी पार्टी गठन गरेका थिए। भने सो पार्टीलाई आयोगले निर्वाचन दिइसकेको छ।






# राजनैतिक संक्रमणबीच नेपालको आर्थिक वृद्धि सुस्त हुने: विश्व बैंक




काठमाण्डु । गत भदौ २३ र २४ को जेनजी आन्दोलन र त्यसपश्चात छाएको राजनैतिक अस्थिरताको प्रभावलाई प्रतिबिम्वित गर्दै नेपालको आर्थिक वृद्धि सन् २०२५ मा चार दशमलव छ प्रतिशतबाट घटेर सन् २०२६ मा दुई दशमलव एक प्रतिशतमा झर्ने प्रक्षेपण विश्व बैंकको पछिल्लो आर्थिक प्रतिवेदनको छ । सन् २०२७ मा भने पुनर्निर्माणका प्रयासमा हुने प्रगतिले आर्थिक वृद्धिदर चार दशमलव सात प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

विहीबार सार्वजनिक भएको नेपाल डेभलपमेन्ट अपडेट प्रतिवेदनका अनुसार सबैभन्दा बढी सेवा क्षेत्र प्रभावित हुने छ । यद्यपि यो प्रक्षेपण अझै पनि अनिश्चित रहेको छ ।

राजनैतिक परिवर्तनको सफलता र दिगो सुदृढ आर्थिक व्यवस्थापनको प्रत्याभूतिले लगानीकर्तालाई प्रोत्साहित आर्थिक सुधारलाइ गति दिन सक्नेछ । नकारात्मक पक्षको रुपमा भने निरन्तरको अनिश्चितताले लगानीकर्तालाई निरुत्साहित गर्नसक्ने पनि अनुमान गरिएको छ ।

"व्यावसायीक विश्वास पुनर्स्थापना गर्ने र पुनरुत्थानलाई गति दिन नेपाल सरकारले एकिकृत व्यावसायीक पुनरुत्थान योजना सार्वजनिक गरेको छ, जसअन्तर्गत अनुदान, कर छुट तथा सञ्चालन सहयोग लगायतका सुविधाको व्यवस्थापन गरेको छ", अर्थमन्त्री रामेश्वरप्रसाद खनालले भन्नुभयो, "पूर्वाधार पुनर्निमाण र चुनावी तयारीका लागि सार्वजनिक स्रोतलाई प्राथमिकता दिइएको छ, क्षतिग्रस्त सार्वजनिक तथा निजी सम्पत्ति पुनर्निर्माणका लागि पुनर्निमाण कोष खडा गरिएको छ, यी कदमहरूले बलियो अर्थतन्त्रको जग राख्दै निजी क्षेत्रको गतिविधिलाई पुनर्स्थापना गर्ने नेपाल सरकारको लक्ष्य रहेको छ ।"

पुनरुत्थानका लागि आवश्यक तत्काल गतिविधिबाहेक प्रतिवेदनले दिगो आर्थिक वृद्धिका लागि सार्वजनिक लगानी व्यवस्थापनलाई बलियो बनाउनुपर्ने कुरामा जोड दिएको छ । सन् २०२४ मा संघिय, प्रादेशिक र स्थानिय सरकारको कुल पुँजीगत खर्च कुल ग्राहस्थ उत्पादनको सात दशमलव नौ प्रतिशत थियो । यो नेपालको पूर्वाधार आवश्यकता पुरा गर्न आवश्यक लगानीभन्दा निकै कम हो । नेपालको पूर्वाधार आवश्यकता पुरा गर्नका लागि कुल ग्राहस्थ उत्पादनको १० देखि १५ प्रतिशत लगानी आवश्यक पर्छ ।

"नेपालको आर्थिक वृद्धिदर सुधार, रोजगारी सिर्जना तथा सम्पुर्ण नेपालीको समृद्धिका लागि सार्वजनिक लगानी बढाउनु निकै महत्त्वपूर्ण छ", माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका डिभिजन डाइरेक्टर डेभिड सिस्लेनले भन्नुभयो, "यसका लागि केही मुख्य कामहरू कार्यान्वयन गर्नु आवश्यक छ, यसमा परियोजनाहरू निर्माण र बजेटिङको सुदृढीकरण गर्ने, जग्गा अधिग्रहण र रुख कटान जग्गा अधिग्रहण र रूख कटान प्रक्रियालाई सुव्यवस्थित गर्ने, रकम व्यवस्थापनलाई थप प्रभावकारी बनाउने, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा संसोधन गर्ने लगायतका विषयलाई प्राथमिकता दिनुपर्ने देखिन्छ, यसले परियोजनाहरूलाई तिव्र रुपमा सम्पन्न गर्न मद्दत गर्नेछ ।"

नेपाल डेभलपमेन्ट अपडेट वर्षको दुई पटक सार्वजनिक हुने गर्छ । विगत लामो समयदेखि यस प्रतिवेदनले आर्थिक विकासको गहन अध्ययन तथा विश्लेषण दिदैं आएको छ ।रासस

# सात जना हैजा सङ्क्रमितको उपचार हुँदै

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको छिन्नमस्ता गाउँपालिका- ५ स्थित लोखरम मुसहर बस्तीमा तीन हप्ता अघि शुरू भएको हैजा अहिलेसम्म नियन्त्रणमा आउन सकेको छैन ।

हाल राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा दुई जना हैजा सङ्क्रमितको उपचार भइरहेको छ भने झाडापखालाका पाँच जना बिरामीको होम आइसोलेसनमा उपचार भइरहेको छिन्नमस्ता गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख दिपेन्द्र यादवले जानकारी दिए ।

मुसहर बस्तीमा विगतमा तीनवटा मात्र चापाकल भएको थियो । सो



वस्तीमा बसोबास गर्ने ९० परिवार सोही चापाकलमा स्नान गर्ने, भाडावर्तन मस्काउने र लुगा धुनेलगायतका कार्यहरु गर्दै आएकाले भलुवाही खोलाको पानी र पोखरीमा देखिएको हैजाको श्रोतबाट बस्तीमा हैजा फैलिएरको थियो । यसक्रममा स्थानीय बुधन सदाका ८ वर्षीया छोरी राधिनी, चार वर्षीय छोरा संजिव तथा ६५ वर्षीय बुबा लक्षमण सदा गरी एकै परिवारका तीन जनाको मृत्यु भएको थियो ।

वस्तीमा हैजा फैलिएपछि स्थानीय पालिकाले स्वास्थ्य कार्यालयसँग समन्वय गरी सात वटा पानीको परीक्षण गराउँदा भलुवाही खोला र पोखरीको पानीमा हैजाको जिवाणु भेटिएको छिन्नमस्ता गाउँपालिकाको अध्यक्ष बिद्यानन्द चौधरीले बताए ।

वडाका विद्यालयका विद्यार्थी, समुदायमा सरसफाइको महत्व, हैजा सर्ने कारण र बच्ने उपाय लगायतको विषयमा निरन्तर रूपमा जानकारी गराइरहेको र सरसफाइमा समेत विभिन्न संघसंस्थाले सहयोग गर्दै आएको उनले बताए ।

हैजाले बिकराल रूप लिएपछि तत्कालका लागि घेरवार गरी दिसापिसाब गर्नका लागि अस्थायी शौचालयको व्यवस्था मिलाए पनि उक्त वस्तीको ९० परिवार अहिले पनि दीर्घकालीन शौचालयबाट वञ्चित रहेको स्थानीयवासीहरु बताउँछन् ।

# सर्लाहीमा पाँच सय भारतीय कामदार



**बखतियार अलि**

मलंगवा । पाँच सयभन्दा बढी भारतीय कामदार रोजगारीको शिलशिलामा नेपाल भित्रिएका छन् ।

भारतको उत्तर प्रदेशबाट सयौंको संख्यामा भारतीय कामदारहरु सर्लाहीमा आएका छन् । भारतमा निर्वाचन सम्पन्न भएपछि बिहीबार करिब पाँच सय जना भारतीय नागरिक सर्लाही जिल्लाको विभिन्न स्थानतर्फ कामको खोजीमा आएका छन् ।

तीमध्ये धेरैजसो हरिपुर नगरपालिका स्थित लक्ष्मीपुर क्षेत्रका इट्टा भट्टामा काम गर्न आएका बताइएको छ। भारतको निर्वाचन सकिएसँगै भारत-नेपाल सीमा नाका हुँदै आवागमन सहज बनेको छ । बुधबारदेखि नै सीमा नाका हुँदै कामदारहरुको प्रवेश शुरु भएको हो । बिहीबार बिहान मात्र करिब पाँच सय जना भारतीय नागरिक मलंगवा नजिकैको गोरकाली चोकमा आइपुगेका थिए । उनीहरु लक्ष्मीपुरतर्फ जाने तयारीमा रहेका र इट्टा भट्टाका ठेक्केदारको प्रतीक्षामा बसेका थिए । कामदारहरुको एक समूहका सदस्य वारिश अलि भने, "भारतमा आम्दानी धेरै कम हुन्छ, नेपालमा इट्टा भट्टामा काम गर्दा राम्रो ज्याला पाइन्छ । यही कारणले हामी हरेक वर्ष कामका लागि नेपाल आउँछौं ।"उनीहरूले जनाएअनुसार नेपालका इट्टा भट्टामा ६ महिनाको सिजनमा भारतको तुलनामा झण्डै दोब्बर आम्दानी हुन्छ। सिजनको समयमा एक जना कामदारले महिनामा २५ देखि ३० हजार रुपैयाँसम्म कमाउने गरेका छन् । यही कारणले सर्लाही, रौतहट, बारा, पर्सा लगायतका जिल्लाका इट्टा उद्योगहरूमा भारतीय कामदार हरूको निर्भरता उच्च छ । इट्टाभट्टा सञ्चालक राजु साहका अनुसार स्थानीय कामदारहरू यो काममा कम संलग्न हुने र भारतबाट आउने कामदारमा दक्षता भएको कारण उनीहरूलाई प्राथमिकता दिइन्छ । सर्लाहीमा करिब ५० भन्दा बढी इट्टा भट्टा सञ्चालनमा छन्, जसमा वार्षिक रूपमा हजारौं भारतीय नागरिक काम गर्ने गर्छन् । साहले भने, "सिजन शुरु हुनासाथ भारतीय कामदार आउँछन् । उनीहरूले इट्टा उत्पादनमा ठूलो भूमिका खेल्छन् । यसले स्थानीय अर्थतन्त्रलाई पनि चलायमान बनाएको छ ।"भारत र नेपालबीचको खुला सीमानाका कारण यो प्रकारको श्रम आवागमन वर्षेनी हुने गरेको छ । इट्टाभट्टा सिजन शुरु हुने समयसँगै भारतीय कामदारको भीड सर्लाही, रौतहट र बाराका सीमावर्ती क्षेत्रमा देखिन थालेको हो । यी कामदारहरू मध्ये अधिकांश भारतको उत्तर प्रदेश र बिहारका विभिन्न जिल्लाबाट आएका हुन् । उनीहरू प्रायः परिवारसहित नेपाल आउने र सिजनभर इट्टा भट्टा नजिकैकै टहरामा बसोबास गर्ने गर्छन् ।

# चलचित्र भवनमा नेपाली चलचित्रकै दबदबा

काठमाण्डु । तिहार पर्वको अवसर पारेर प्रदर्शन गरिएका नेपाली चलचित्रलाई दर्शकले साथ दिएका छन् । केही वर्ष अगाडिसम्म तिहारमा नेपालीभन्दा विदेशी चलचित्रको वर्चश्व देखिन्थ्यो, तर पछिल्लो समय नेपाली दर्शकको प्राथमिकतामा नेपाली चलचित्र नै परेको पाइएको छ । नेपाली कला र संस्कृतिसँगै सामाजिक कथामा आधारित चलचित्रहरूले दर्शकको साथ पाउँदा घरेलुबजारमा यसको सकारात्मक प्रभावसहित व्यापार पनि राम्रो भएको देखिन्छ ।

चलचित्र विकास बोर्डअन्तर्गत रहेको 'बक्सअफिस २ सिनेपाः' मार्फत् सार्वजनिक तथ्याङ्कलाई विश्लेषण गर्दा पछिल्ला दिनमा नेपाली चलचित्र हेर्ने दर्शक बढिरहेको पाइन्छ। यही कात्तिक २२ गते शनिबारसम्म सार्वजनिक तथ्याङ्कअनुसार सगरमाथाका विषयमा निर्माण गरिएको चलचित्र 'जेरी अन टप' ले सबैभन्दा बढी कमाइ गरेको छ । तीन लाख ७५ हजार ८१ दर्शकले उक्त चलचित्रलाई हेर्दा रु ११ करोड ७१ लाख ४१ हजार




४९८ कमाइ (ग्रस कलेक्सन) गरेको छ ।

विश्वकै सर्वोच्च शिखर सगरमाथाका विषयमा विदेशमा धेरै चलचित्र बनेता पनि नेपालमा भने कमै बनेका छन् । उक्त चलचित्रमा सगरमाथा आरोहण र त्यसक्रमको प्रेमकथालाई देखाइएको छ । सुन्दर दृश्यलाई कैद गरिएको उक्त चलचित्रले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास निर्माता सरोज न्यौपानेको छ।

"हामीले सगरमाथाको कथा र सुन्दरतालाई चलचित्रमा प्रस्तुत गरेका छौं । हाम्रो प्रयासलाई दर्शकले साथ दिनुभएपछि अन्य चलचित्रकर्मीलाई पनि हौसला प्राप्त भएको छ । नयाँ विषय र गुणस्तरीय चलचित्र बन्यो भने दर्शकले रुचाउनुहुन्छ भन्ने पुनः प्रमाणित भएको छ। नेपालको सुन्दरता चलचित्रका माध्यमले प्रचारप्रसार गर्नु हामी चलचित्रकर्मीको पनि दायित्व हो", निर्माता न्यौपानेले स्पष्ट गर्नुभयो ।

उक्त चलचित्रमा अनमोल केसी, भुवन केसी, आँचल शर्मा, जसिता गुरुङ, उषा खड्गीलगायतका कलाकारले अभिनय गर्नुभएको छ । गत असोज ३१ गतेदेखि प्रदर्शनरत उक्त चलचित्रलाई सुयोग गुरुङले निर्देशन गर्नुभएको छ।

यस्तै, भाइटीकाको अवसर पारेर यही कात्तिक ६ गतेदेखि प्रदर्शनरत चलचित्र ' वरिष्ठ बलराम' ले सोही अवधी (शनिबार बेलुकी) सम्म रु दुई करोड ५६ लाख ५७ हजार ९२९ कमाएको छ । उक्त चलचित्रलाई ८५ हजार ३५६ जना दर्शकले हेरेका छन् । दयाहाङ राई, विजय बराल, समृद्धि अर्याललगायत कलाकारले अभिनय गर्नुभएको उक्त चलचित्रलाई सुरेन्द्र पौडेलले निर्देशन गर्नुभएको हो ।

यस्तै, कात्तिक ६ मै प्रदर्शन भएको चलचित्र 'सोल्टिनी' ले भने अपेक्षा गरिएभन्दा निकै कम कमाइ गरेको छ । । उक्त चलचित्रलाई आठ हजार ९४५ जना दर्शकले हेर्दा रु २९ लाख पाँच हजार ९५६ मात्र कमाइ गरेको छ।

प्रकाश सपुत, परीक्षा लिम्बूलगायतका कलाकारले अभिनय गर्नुभएको उक्त चलचित्रलाई अर्जुन सुवेदीले निर्देशन गर्नुभएको छ । निर्देशक सुवेदीले यसअघि निर्देशन गर्नुभएको 'रङ्गेली' पनि घरेलु बजारमा असफल भएको थियो ।

यसैगरी, 'तक्मे बुढा' को उपनामले परिचित अभिनेता विल्सनविक्रम राईले निर्देशन गर्नुभएको 'मैझारो' ले पनि घरेलु बजारमा सफलता प्राप्त गर्न सकेन । अभिनेता राईको पहिलो निर्देशकीय चलचित्र नै असफल हुन पुग्यो । अभिनेता धीरज मगर, मिरुना मगर, दयाहाङ राईलगायतका कलाकारले अभिनय गर्नुभएको उक्त चलचित्रले रु एक करोड चार लाख २९ हजार २८८ कमाएको छ । रासस

# आजदेखि बिहार चुनावको मतगणना हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । बिहार विधानसभा चुनाव २०२५ को पहिलो चरणको सम्पन्न मतदानमा भोली शुक्रवारदेखि मतगणना हुने भएको छ ।

बिहारका मुख्य निर्वाचन अधिकारी (सिइओ) ले दिएको जानकारी अनुसार सम्पन्न पहिलो चरणको निर्वाचनको मतगणना शुक्रवारदेखि हुने छ । उनका अनुसार ६५.०८ प्रतिशत मतदाताले मतदान गरेको छ ।

बिहार विधानसभा चुनावको पहिलो चरण सन् २०२५ नोभेम्बर ६ मा राज्यका १८ जिल्लाका १२१ सिटहरूमा सफलतापूर्वक निर्वाचन सम्पन्न भएको थियो । सन् २०२० को बिहार विधानसभा चुनावमा मतदाताको औसत सहभागिता ५७.२ ९ प्रतिशत थियो, जबकि सन् २०२४ को लोकसभा आम चुनावमा ५६.२८ प्रतिशत मतदान भएको थियो । यसले अघिल्ला दुई चुनावको तुलनामा राज्यमा मतदाता सहभागितामा समग्रमा वृद्धि भएको देखाउँछ ।

बिहार विधानसभा चुनावको दोस्रो चरण नोभेम्बर ११ मा हुने तय भएको छ, जसको मतगणना नोभेम्बर १४ मा हुनेछ। दोस्रो चरणमा, २० जिल्लाका १२२ सिटहरूमा मतदान हुनेछ ।

# लागूऔषध गाँजासहित तीन पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले लागूऔषध गाँजाको तस्करीमा संलग्न रहेको आरोपमा तीनजना भारतीयलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको विहार स्थित बैशाली जिल्लाको विदुपुर ग्रामका २३ वर्षीय राजा कुमार, बैशाली जिल्ला राजा माइकल पञ्चायतका २३ वर्षीय विशाल कुमार र छपरा जिल्ला सोनपुर बस्ने २३ वर्षीय पिन्टु कुमार रहेका छन् ।

विशेष सूचनाको आधारमा आरोपितहरुलाई पर्सागढी नगरपालिका- ९ स्थित बडेर्वा पेट्रोल पम्पस्थित सडकखण्डमा जिल्ला प्रहरी कार्यालय मातहत प्रहरी चौकी मनवाबाट खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा नेपालबाट भारततर्फ शंकास्पद रूपमा पैदल हिँडिरहेका उनीहरूलाई रोकी खानतलासी गर्दा उनीहरूको साथमा रहेको झोलाबाट क्रमशः तीन किलो १ सय ९० ग्राम, तीन किलो दुई सय ५० ग्राम र तीन किलो तीन सय ग्राम गाँजा फेला परेको थियो । आरोपितहरुलाई नियन्त्रणमा लिइ लागूऔषधसम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट ८ दिनको म्याद थप अनुमति लिइ अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्ता डीएसपी हरिबहादुर बस्नेतले जानकारी दिए ।

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** क्षमता प्रयोग गरी अरुलाई सजिलै प्रभावमा पारेर कामहरु लिन सकिनेछ।
**वृष :** ईमान्दारितापूर्वक गरिएकोप्रयत्नको लक्ष्य पहिल्याउँन सहज हुनेछ।
**मिथुन :** सावरीसाधन तथा यात्रा गर्दा विशेष ध्यान दिनुहोला ।
**कर्कट :** हतार गर्ने बानीले अनावश्यक विवादमा फस्ने योग रहेको छ ।
**सिंह :** पढाईलेखाईमाप्रतिस्पर्धीहरुलाईकिनारा लगाउँदै अगाडि बढ्ने समय रहेकोछ ।
**कन्या :** विद्यामा सफलता पाउन निकै नै संघर्ष गर्नुपर्ला ।
**तुला :** व्यापार व्यवसाय फस्टाएर जाने हुनाले थप लगानी लगाउन सकिन्छ ।
**वृश्चिक :** स्वास्थ्य सम्बन्धी समस्या आउने तथा उपचार खर्च बढेर जानेछ ।
**धनु :** समय मध्ययम रहेकोले परिबन्धमा परिने तथा झै झगडा हुने अधिक सम्भावनाछ।
**मकर :** आज स्वास्थ्य सबल रहनेछ ।
**कुम्भ:** आफन्त व्यक्तिसंग विवाद पर्न सक्नेछ।
**मीन :** आम्दानीको तुलनामा खर्च कम हुने हुँदा फाईदा हुने क्षेत्र खोजेर लगानी गर्न सकिनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाही सदरमुकाम मलङ्गवामा(१० स्थित जिल्ला निर्वाचन कार्यालयमा बिहीबार बिहान फोटोसहितको मतदाता नामावलीमा नाम लेखाउनका लागि  लामबद्ध स्थानीय। *तस्बिर : रासस*

# निवर्तमान महानिरीक्षक खापुङलाई स्थान हद लगाउन पत्राचार




काठमाण्डु । गत भदौ २३ र २४ को जेनजी आन्दोलनसम्बन्धी जाँचबुझ आयोगले आजदेखि सेवाबाट निवृत्त हुनुभएका नेपाल प्रहरीका महानिरीक्षक चन्द्रकुबेर खापुङलाई स्थान हद लगाउन पत्राचार गर्ने निर्णय गरेको छ।

आयोगका प्रवक्ता विज्ञानराज शर्माले विहीबार प्रेस विज्ञप्ति जारी गरी उहाँलाई गत भदौ २३ र २४ गतेका घटनाको छानबिन तथा जाँचबुझका लागि स्थान हद लगाइएको उल्लेख गर्नुभएको हो । विज्ञप्तिमा भनिएको छ, "कुनै पनि समयमा यस आयोगमा उपस्थित हुनुपर्ने हुँदा आजैदेखि लागू हुनेगरी निजको विदेश भ्रमणमा रोक लगाउने तथा आयोगको स्वीकृति बेगर काठमाडौँ उपत्यका छाड्न नपाउने व्यवस्था गर्न गराउन सम्बन्धित निकायमा पत्राचार गर्ने।"

आयोगले यसअघि, पूर्व प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकसहित पाँचजनालाई स्थान हद लगाउने निर्णय गरेको थियो ।रासस

# मङ्सिर पहिलो साता अन्तरराष्ट्रिय कर सम्मेलन हुने



काठमाण्डु । नेपाल चेम्बर अफ ट्याक्स कन्सलटेन्ट्सको आयोजनामा आगामी मङ्सिर २ गतेदेखि ५ गतेसम्म काठमाडौँमा अन्तरराष्ट्रिय कर सम्मेलन आयोजना हुने भएको छ।

विहीबार आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिँदै आयोजक संस्थाका अध्यक्ष रोशन पोखरेलले कर शिक्षा र क्षमता विकास, सरकारी नियकाहरुसँग नीतिगत संवाद र वकालत तथा कर क्षेत्रमा अनुसन्धान र सुधारको उद्देश्यसहित सम्मेलन आयोजना गर्न लागिएको बताउनुभयो।

"सम्मेलनविशेषगरीनेपालको करप्रणालीको विकसित रुप प्रदर्शन गर्ने, नेपाली कर व्यवसायीहरुलाई अन्तरराष्ट्रियस्तरका विशेषज्ञसँग जोड्ने र नेपाललाई 'माइस' गन्तव्यका रुपमा प्रवर्द्धनमा केन्द्रित हुनेछ", उहाँले भन्नुभयो। उहाँका अनुसार सम्मेलनमा ३५० जना अन्तरराष्ट्रिय प्रतिनिधि र २०० भन्दाबढी नेपालका कर व्यवसायी, नीतिनिर्माता, सरकारी अधिकारी, व्यवसायी तथा विज्ञहरुको सहभागिता रहनेछ।

सम्मेलनले नेपालको कर र वित्त व्यवसायीहरुको क्षमता अभिवृद्धि, कर नीति र अनुपालनामा अन्तरराष्ट्रिय अभ्यास आदनप्रदान र सञ्चार प्रवर्द्धन गर्नेमा अपेक्षा गरिएको छ। यसमार्फत नेपालमा प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन तथा कर र लगानीका क्षेत्रमा अन्तरराष्ट्रिय सहकार्य विस्तारमा सहयोग पुग्ने अध्यक्ष पोखरलले बताउनुभयो।

सम्मेलनमा विकासशील देशहरुको करप्रणालीको ऐतिहासिक विकास, उदाउँदो अर्थतन्त्रमा कर नीति कार्यान्वयनका चुनौतीहरु, विश्वव्यापी कर अनुपालनामा कर व्यवसायीको भूमिका, कर प्रशासनमा डिजिटल रुपान्तरणका अवसर र चुनौती, विकासशील अर्थतन्त्रमा कर व्यवसायीहरुको आचारसंहिता र व्यावसायिक दायित्वलगायतका विषयमा बहस हुनेछ।

सम्मेलनको आकर्षणका रुपमा मङ्सिर ५ गते आन्तरिक राजस्व विभागसँगको सहकार्यमा 'प्राक्टिकल एस्पेक्ट अफ ट्रान्सफर प्राइसिङ' विषयमा चार घण्टा लामो सेमिनार आयोजना हुनेछ।

सम्मेलन एसिया-ओसियान ट्याक्स कन्सलटेन्ट्स एशोसिएसनकोसमन्वयमासञ्चालन हुनेछ । नेपाल चेम्बर अफ ट्याक्स कन्सलटेन्ट्स सन् २०१८ मा स्थापना भएको हो। संस्थाले नेपालमा करसम्बन्धी नीतिगत अध्ययन, कर विज्ञको प्रवर्द्धन, प्रचलित अन्तरराष्ट्रिय कर अभ्यासको विश्लेषण, कर व्यवसायीको संस्थागत विकास तथा करसम्बन्धी निकायसँग सहकार्य र समन्वय गर्दै आएको छ ।रासस

# नेपाल-भारतबीच पारवहन सन्धिको प्रोटोकल संशोधन, सबै किसिमका कार्गो ढुवानी गर्न सकिने



काठमाण्डु । नेपाल र भारतबीच पारवहन सन्धिको प्रोटोकलमा संशोधन भएसँगै अब सबै किसिमका कार्गो (सामान) कोलकाता र विशाखापटनम्, विराटनगर (जोगवनी) तथा नौतनवा (सुनौली) मार्ग हुँदै भैरहवासम्म ढुवानी गर्न सकिने भएको छ।

संशोधनले नेपालको पारवहन लागत र समय दुवै घट्ने र व्यापार सहजीकरणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले जानकारी दिनुभयो ।आपूर्तिमन्त्री अनिलकुमार सिन्हा भारतको विशाखापटनम् जाने क्रममा विहीबार भारत सरकारका वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलसँग नयाँ दिल्लीस्थित भारतको वाणिज्य भवनमा भेटघाट गर्नुभएको थियो।

सो अवसरमा दुवै देशबीच पारवहन सन्धिको संशोधित प्रोटोकलको औपचारिक आदानप्रदान गरिएको हो ।यसअघि दुवै नाकाबाट सीमित चार वटा बल्क सामान मात्र रेलमार्फत ढुवानी गर्न सकिने व्यवस्था रहेकामा अब सबै प्रकारका कार्गो सामान रेल तथा सडक मार्गमार्फत पठाउन सकिने भएको प्रवक्ता बस्नेतले बताउनुभयो।

भेटका क्रममा नेपाल-भारतबीचको द्विपक्षीय व्यापार, पारवहन व्यवस्था, व्यापार पूर्वाधार विकास तथा लगानी प्रवर्द्धनका विषयमा विस्तृत छलफल भएको मन्त्रालयले जनाएको छ। मन्त्री सिन्हाले दुवै देशबीचको व्यापार र पारवहन सहजीकरणका लागि प्रमाणीकरण प्रक्रिया सरलीकरण गर्नुपर्नेमा जोड दिनुभएको थियो।

त्यस अवसरमा मन्त्री सिन्हाले भारतको 'छिमेकी पहिला नीति' को प्रशंसा गर्नुहुँदै उक्त नीतिअनुरूप द्विपक्षीय व्यापार, पारवहन तथा लगानी प्रवर्द्धनका क्षेत्रमा अझ सहकार्य र समन्वय आवश्यक रहेको उल्लेख गर्नुभयो।

भारतका मन्त्री गोयलले नेपाल भारतका लागि विशेष प्राथमिकता प्राप्त देश रहेको बताउनुहुँदै छलफलमा रहेका विषयहरुलाई शीघ्र निष्कर्षमा पुऱ्याउन दुवै देशका पदाधिकारीलाई निर्देशन दिनुभयो।

उक्त भेटघाटमा नेपालका तर्फबाट भारतका लागि नेपाली राजदूत डा शङ्कर शर्मा तथा दुवै देशका सम्बन्धित मन्त्रालयका वरिष्ठ अधिकारीहरूको सहभागिता रहेको थियो ।रासस

# पैँतीस उद्योगद्वारा २३ करोड ८७ लाख बक्यौता विद्युत महसुल असुल

काठमाण्डु । लोडसेडिङको समयमा 'डेडिकेटेड' तथा 'ट्रङ्क लाइन' संरचनाबाट विद्युत् उपभोग गरेका २५ नयाँ उद्योगले प्रिमियम महसुल बक्यौताको पहिलो किस्ता तिरेका छन्।

यसअघि बक्यौता तिर्न सुरु गरी त्यसलाई निरन्तरता नदिएका १० उद्योगले किस्ताबन्दीलाई निरन्तरता दिएका हुन्। यसरी, नेपाल विद्युत् प्राधिकरणले ३५ उद्योगबाट २३ करोड ८७ लाख ७२ हजार रुपैयाँ बक्यौता महसुल असूल गरेको ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङको सचिवालयले जनाएको छ।

३५ उद्योगको कुल बक्यौता पाँच अर्ब ९४ करोड ५६ लाख रुपैयाँ थियो। अब पाँच अर्ब ७० करोड ६८ लाख रुपैयाँ बक्यौता असुल गर्न बाँकी छ। यो बक्यौता २०७२ माघदेखि २०७५ वैशाखसम्म डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत् उपभोग गरेबापतको प्रिमियम महसुल बक्यौता भएको सचिवालयले जनाएको छ।

भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्रीसमेत रहनुभएका ऊर्जामन्त्री घिसिङले राज्यप्रतिको दायित्व सम्झिएर उद्योगीबाट बक्यौता रकम तिर्न थालेकोमा धन्यवाद दिनुभएको छ। उहाँले भन्नुभयो, "उद्योगलाई विद्युत् नियमन आयोग, अदालतलगायतका निकायमा जाने बाटो खुल्लै छ, किस्ताबन्दी तिर्न थालेपछि त्यसलाई पालना गर्नुहुन्छ भन्नेमा हामी विश्वस्त छौँ।"




प्राधिकरणले बक्यौता रकम तिर्न २१ दिनको समय दिएर असोजमा सार्वजनिक सूचना जारी गरेको थियो। त्यस अवधिमा पनि बक्यौता तिर्न नआएपछि ४ र ७ कात्तिक गरी दुई चरणमा लाइन काटिएको थियो ।रासस

# प्रहरीको मनोबल बढाउँदै जनअपेक्षा पूरा गर्ने नवनियुक्त प्रहरी महानिरीक्षक कार्कीको प्रतिबद्धता

काठमाण्डु । नवनियुक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रहरी कर्मचारीको मनोबल बढाउँदै सरकार र आमजनसमुदायको अपेक्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। गृह मन्त्रालयमा विहीबार आयोजित विशेष समारोहमा प्रहरी महानिरीक्षको दर्ज्यानी चिह्न लगाएपछि सङ्क्षिप्त मन्तव्य राख्दै उहाँले सङ्गठनमा सुदृढ नेतृत्व र सामूहिकता प्रदर्शन गरिने बताउनुभयो।

"अपराध र सुरक्षा चुनौतीहरुका पारस्परिक प्रवृत्तिमा भएको परिवर्तन, सूचना प्रविधिको द्रूततर विकास र सुशासनको जनअपेक्षाअनुरुपको उच्च मनोबलयुक्त प्रहरी चरित्र र क्षमता निर्माण गरी प्रभावकारी सेवा प्रवाह गर्नु सरकार र प्रहरी सङ्गठनको साझा दायित्व हो", प्रहरी महानिरीक्षक कार्कीले भन्नुभयो।

जेनजी आन्दोलनलगत्तैको सुरक्षा प्रतिकुलतामा पनि कुनै सुरक्षा रित्तता हुन नदिई तत्काल नागरिकको सेवामा परिचालित भएको जानकारी गराराउँदै उहाँले छोटो समयमा प्रहरीका संरचना र सेवा पुनःस्थापनामा देखिएको सक्रियताले प्रहरीको भूमिका स्पष्ट भएको बताउनुभयो। २८ वर्ष आफूले प्रहरी सङ्गठनमा निर्वाह गरेको भूमिकाको कदर गर्दै प्रहरी सङ्गठनको नेतृत्व गर्ने अवसर प्रदान गरेकामा उहाँले सरकारप्रति आभार प्रकट गर्नुभयो।

समारोहमा गृह मन्त्रालयका सचिव रामेश्वर दङ्गालले नवनियुक्त प्रहरी महानिरीक्षक कार्कीलाई दर्ज्यानी चिह्न प्रदान गर्नुभएको थियो। ३० वर्षे सेवा अवधि पूरा गरी प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ अनिवार्य अवकाशमा जानुभएपछि सरकारले प्रहरी अतिरिक्त महानिरीक्षकमध्येबाट वरिष्ठतम् कार्कीलाई प्रहरी सङ्गठनको प्रमुख बनाउने निर्णय गरेको थियो।



समारोहमा राष्ट्रिय अनुन्धान विभागका मुख्य अनुसन्धान निर्देशक टेकेन्द्र कार्की, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, गृह मन्त्रालयका उच्चपदस्थ कर्मचारी सहभागी थिए ।रासस

# आरोहीको सुरक्षाका लागि बोर्डद्वारा उद्धार सामग्री हस्तान्तरण

काठमाण्डु । नेपाल पर्यटन बोर्डले हिमाल आरोही र पर्वतीय पर्यटकको सुरक्षालाई प्राथमिकतामा राख्दै हिमालय उद्धार सङ्घ नेपाल (हिमालय रेस्क्यु एशोसिएसन) लाई आपत्कालीन उद्धार सामग्री हस्तान्तरण गरेको छ।

सगरमाथा र अन्नपूर्ण क्षेत्रका आरोही र पदयात्रीको सुरक्षामा थप सघाउ पुऱ्याउने उद्देश्यले विहिबार भृकुटीमण्डपस्थित बोर्डको कार्यालयमा उद्धार सामग्री हस्तान्तरण गरिएको हो।

सामग्री हस्तान्तरण कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालका पर्वतीय पर्यटकको सुरक्षाका लागि बोर्ड निरन्तर काम गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालको हिमालय विश्वकै आकर्षण हो। यहाँ आउने आरोही र पर्यटकको सुरक्षा सुनिश्चित गर्न नेपाल पर्यटन बोर्ड निरन्तर प्रतिबद्ध छ। उद्धार सङ्घसँगको सहकार्यलाई हामी हिमाली पर्यटनको दिगोपनासँग पनि जोडेर हेर्छौं।"

बोर्ड सदस्य नरेन्द्रदेव भट्टले उद्धार केबल आपत्कालीन व्यवस्थापन मात्र नभएर नेपाल




पर्यटनको विश्वसनीयता निर्माण गर्ने माध्यम पनि भएको उल्लेख गर्दै आगामी दिनमा उद्धार र जोखिम व्यवस्थापनमा अझ व्यवस्थित गर्ने बताउनुभयो।

बोर्ड कार्यसमिति सदस्य ऋषि भण्डारीले हिमाली क्षेत्रमा सुरक्षासँगै वातावरणीय संवेदनशीलता पनि जोडिने भएकाले यस्तो सहयोगले जिम्मेवार पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने बताउनुभयो। हिमालय उद्धार सङ्घका अध्यक्ष डम्बर पराजुलीले नेपाल पर्यटन बोर्डको सहयोगप्रति आभार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "सगरमाथा, अन्नपूर्णजस्ता चुनौतीपूर्ण क्षेत्रमा काम गर्दा उद्धार सामग्री अत्यन्त आवश्यक हुन्छ। बोर्डको यो सहयोगले हाम्रो उद्धार कार्य अझ प्रभावकारी र शीघ्र हुने विश्वास लिएको छु।"

कार्यक्रममा बोर्डका वरिष्ठ अधिकृत हिक्मत सिंह ऐर, हिमालय उद्धार सङ्घका सिइओ गोविन्द बस्याल, सङ्घका अन्य पदाधिकारीहरु, बोर्डका अधिकारीहरु र पर्वतीय पर्यटनमा काम गरिरहेका व्यक्तिहरुको सहभागिता थियो। कार्यक्रममा बोर्डका वरिष्ठ अधिकृत सिद्धार्थ विश्वकर्माले सहजीकरण गर्नुभएको थियो।

उक्त अवसरमा बोर्डले सङ्घलाई क्याराबिनर्स २० थान, मेकानिकल एसेन्डर्स चार थान, डिसेन्डर्स पाँच थान, पुली चार थान, स्लिङ्स पाँच थान, आइस स्क्रु र पिकेट्स पाँच थान, बिले डिभाइस चार थान, एङ्कर्स चार थान र स्लीपिङ ब्याग पाँच थान हस्तान्तरण गरेको थियो।

नेपाल पर्यटन बोर्डले आगामी दिनमा हिमाली क्षेत्रमा उद्धार र सुरक्षा पूर्वाधारलाई अझ सुदृढ बनाउन निजीक्षेत्र र स्थानीय समुदायसँग सहकार्यका कार्यक्रम पनि विस्तार गरिने विश्वास व्यक्त गरेको छ ।रासस

# लैनचौरस्थित स्काउटको जग्गामा निर्मित संरचना भत्काइयो

काठमाण्डु । नेपाल स्काउटको लैनचौरस्थित जग्गामा खड्का ल्याड डेभलपर प्रालिले निर्माण गरेको संरचनालाई काठमाडौँ महानगरपालिकाले भत्काएको छ।




स्काउटले बाँकी वक्यौता तिर्न यही कात्तिक २० गते उक्त कम्पनीलाई सातदिने सूचना जारी गरेको थियो । उक्त कम्पनीले बुधबारसम्म बक्यौता नतिरेपछि स्काउटले ती संरचना हटाइदिन काठमाडौँ महानगरपालिकालाई पत्राचार गरेको थियो।

स्काउटको अनुरोधमा महानगर प्रहरी बलको टोली विहीबार ती संरचना भत्काएको महानगरीय प्रहरी बलका प्रमुख राजुनाथ पाण्डेले राससलाई जानकारी दिनुभयो । स्काउटका जग्गामा रहेका पार्टी प्यालेस, रेष्टुरेन्टलगायत संरचनाको नक्शा पाससमेत नरहेको उहाँले बताउनुभयो ।रासस

**इन्टर्न आवश्यकता**

यस बि. पी. स्मृति बहुप्राविधिक शिक्षालयमा संचालित प्रमाण पत्र तहका कार्यक्रमहरुका लागी इन्टर्नको आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकले आवश्यक कागजात सहित मिति २०८२/०८/०५ गते भित्र यस शिक्षालयको प्रशासन शाखामा निवेदन दर्ता गराउनु सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागी शिक्षालयको सूचना पाटी वा www. bpmpi.edu.np मा हेर्न सकिने छ। सम्पर्कनः ९८५४०७७७६१



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेश केन्द्रित दलमा नेतृत्व यथावत

देशका ठूला दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)मा नेतृत्व परिवर्तनका लागि दबाब बढिरहेको छ । युवा पुस्तालाई नेतृत्व हस्तान्तरणको माग बढ्दो छ । नेकपाले पुनर्गठन गरेको छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीले नयाँ पुस्ताको आवाजलाई दबाउन थालेका छन् । नेपाली कांग्रेसमा नेतृत्व परिवर्तनको पक्ष नै बलियो देखिएको छ । त्यहाँ पनि चुनाव अघि महाधिवेशन अथवा चुनावपछि महाधिवेशन पक्षधरबीच लोकतान्त्रिक विधि अनुसार चर्को बहस भइरहेको छ । रास्वपाका अध्यक्ष रवि लामिछाने हिरासतमा रहेकाले अध्यक्ष फेर्नुपर्ने आवाज उठेको छ । कार्यवाहकको भरमा पार्टी लामो समय चल्न नसक्ने नेताहरुको तर्क छ । राप्रपाको नेतृत्व असफल भइसकेकाले फेर्नुपर्ने माग उठेको छ । ठूला दलहरुले महाधिवेशन गर्न हतारमा देखिन्छ । महाधिवेशनबाट नेतृत्व चयन गर्ने पक्षमा ठूला दलहरु रहेकाले त्यहाँबाट नेतृत्व परिवर्तन हुने अथवा नहुने निर्णय हुनेछ । तर मधेश केन्द्रित दलहरुमा नेतृत्व परिवर्तनको विषय जोडदार ढंगले उठेको छैन । तराई केन्द्रित दलहरु गठन भएदेखि हालसम्म अध्यक्ष परिवर्तन भएको छैन । केही दलहरुले महाधिवेशन समेत गरेको छैन । जनता समाजवादी पार्टी(जसपा) नेपालले महाधिवेशन गरेपनि निर्वाचन आयोगले त्यसलाई अद्यावधिक गरेको छैन । जसपा नेपालमा पनि अध्यक्षमा उपेन्द्र यादव नै सर्वसम्मतिबाट चयन भएका हुन् । डेढ वर्ष भइसक्दा पनि निर्वाचन आयोगले महाधिवेशनको निर्णयको आधारमा जसपा नेपाललाई अद्यावधिक गरेको छैन । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुर स्थायी रुपमा नै छन् । उनले तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) गठन गरेदेखि हालसम्म अनेक उतार चढाव भए पनि महाधिवेशन समेत गराएका छैनन् । उनी स्थायी अध्यक्ष नै बनेका छन् । जनमत पार्टीले पनि महाधिवेशन गरेको छैन । जनमतका अध्यक्ष सीके राउत पनि निरन्तर छन् । राजेन्द्र महतोले पनि छुट्टै दल गठन गरी अध्यक्ष बनेका छन् । देशमा सबै दल लोकतान्त्रिक विधि अनुरुप नै चलिरहेका छन् । महाधिवेशन गरेर नै नेतृत्व चयन गर्नुपर्ने बाध्यात्मक अवस्था ऐनमा छ । युवा नेताहरुले मधेश केन्द्रित दलहरुमा पनि नेतृत्व परिवर्तनका लागि आवाज उठाउने गरेका छन् । देशमा चलेको जेन- जी हावा सबै दलका नेताहरुलाई लागेको छ । तर ठूला दलहरुमा पनि नेतृत्व नछाड्ने र मधेश केन्द्रित दलहरुमा पनि नेतृत्व नछाड्नेमा नेताहरुबीच समानता देखिन्छ । दलको नेतृत्व युवा पुस्तामा हस्तान्तरण गरी शीर्ष नेताहरुले अभिभावकको भूमिका निर्वाह गरे हालको भन्दा राम्रो परिणाम आउन सक्छ । सँधै नेतृत्वमा रहिरहने प्रवृत्तिले अनेक विकृति बढेको सबैले महसुस गरेका छन् ।त यसकारण मधेशी दलहरुमा पनि नेतृत्व परिवर्तन आवश्यक देखिन्छ ।

# मानसिक स्वास्थ्य सेवा सुदृढ गर्ने उपाय



डा. निराकारमान श्रेष्ठ

काठमाण्डु । नेपालमा आधुनिक मानसिक स्वास्थ्य सेवाको इतिहास धेरै लामो छैन । शताब्दीयौँसम्म मानसिक रोगलाई धार्मिक वा सांस्कृतिक दृष्टिले हेरिन्थ्यो । उपचारका लागि झारफुक, धामी-झाँक्रीको धार्मिक साधनामा भर पर्नुपर्ने स्थिति थियो । देशमा मानसिक रोगको समस्या बढ्दो रूपमा रहेको छ । मानसिक स्वास्थ्य सेवालाई अझ सुदृढ तथा सशक्त पार्नुपर्ने अति आवश्यक छ । त्यसका लागि धेरै उपायहरू हुन सक्छन् :

मानसिक स्वास्थ्य सेवामा सचेतना बढाउने : मानसिक रोगप्रति अहिले पनि गाउँदेखि शहरसम्म नै पर्याप्त जनचेतना भएको पाइँदैन । यसप्रतिको अन्धविश्वास, गलत धारणा तथा सामाजिक कलङ्क प्रशस्त मात्रामा पाइन्छ । बिरामीलाई वर्षौंसम्म बाँधेर राख्ने, ठिङ्गुरामा राख्ने, कुटपिट गर्ने तथा अरू प्रकारको यातना दिने गरेको पाइन्छ । तसर्थ, मानसिक रोगप्रति सर्वसाधारण, समाजसेवी, योजनाविद्, राजनीतिक कार्यकर्ता तथा अन्य वर्गमा मानसिक रोगप्रति सचेतना ल्याउने, चेतनाको अभिवृद्धि गर्ने उद्देश्यले उचित प्रकारको सूचना तथा शिक्षाको प्रचारप्रसार गर्ने व्यवस्था गर्नुपर्छ ।

पाठ्यक्रममा मानसिक स्वास्थ्यः निम्नमाध्यमिक तथा माध्यमिकस्तरको विद्यालयको पाठ्यक्रममा मानसिक स्वास्थ्यसम्बन्धी चेतना जगाउने, अन्धविश्वास तथा गलत धारणा हटाउने तथा सामाजिक कलङ्क कम गर्ने खालका उपयुक्त ज्ञान समावेश गर्नको लागि शिक्षा मन्त्रालय तथा अरू सम्बन्धित निकायहरूसँग सहकार्य गर्नुपर्छ ।


मानसिक रोग विषय अध्ययन गर्न आकर्षण बढाउनेः मानसिक रोग विषय पढ्ने र यसप्रति आकर्षित हुनेको सङ्ख्या हाल पहिलेको भन्दा बढेको पाइन्छ । तर पनि जनसङ्ख्याको आधारमा हाल मानसिक रोग विशेषज्ञको सङ्ख्या ज्यादै न्यून भएकाले राज्यले यसतर्फ ध्यान दिन अति आवश्यक देखिन्छ ।

चिकित्सकलगायत अरू मानसिक स्वास्थ्य जनशक्ति तयार गर्नेः मानसिक स्वास्थ्य सेवा भनेको एउटा टिमवर्क हो । यसमा साइक्याट्रिस्ट मुख्य व्यक्ति हुन्छन् भने यस टिममा क्लिनिकल साइकोलोजिस्ट, मनोरोग सामाजिक कार्यकर्ता, मनोरोग नर्स, अकुपेसनल थेरापिस्ट आदि अरू जनशक्ति पनि हुन्छन् । तसर्थ, साइक्याट्रिस्ट जनशक्ति वृद्धि गर्नुका साथै यी अरू जनशक्तिको उत्पादन गर्ने र तिनीहरूका लागि सरकारी क्षेत्रमा र अन्य क्षेत्रमा पनि दरबन्दी बढाउने कार्य गर्नुपर्छ। मानसिक रोग विशेषज्ञले मात्र मुलुकभरका जनतालाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्न सम्भव नभएकाले मेडिकल अधिकृत, वरिष्ठ मेडिकल अधिकृत, नर्स तथा स्वास्थ्य सहायक तथा अरू पारामेडिक्सलाई मानसिक स्वास्थ्यसम्बन्धी तालिम दिएर उनीहरूबाट आधारभूत मानसिक सेवा प्रदान गर्ने व्यवस्था गर्नुपर्छ ।

औषधिको उपलब्धताः मानसिक रोगीहरूले प्रायः लामो समयसम्म औषधि सेवन गर्नुपर्ने हुन्छ । तर मानसिक रोगसम्बन्धी औषधि फार्मेसीहरूमा सजिलै उपलब्ध हुँदैनन् । धेरैजसो बिरामीको लामो समयसम्म औषधि किनेर सेवन गर्न पनि सामर्थ्य हुँदैन । सबै तहका स्वास्थ्य संस्थामा मानसिक रोगसम्बन्धी न्यूनतम आवश्यक औषधि उपलब्ध गराउनुको साथै सरकारले निःशुल्क वा एकदमै कम मूल्यमा ती औषधि बिरामीलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ ।

एकीकृत मानसिक स्वास्थ्य सेवामा जोडः मानसिक स्वास्थ्य उपचार छुट्टै मानसिक अस्पतालमा गर्नुको साटो साधारण अस्पतालमा एकीकृतरूपमा गर्नुपर्छ । यसो गर्दा मानसिक रोगप्रतिको सामाजिक कलङ्क कम हुनुको साथै मानसिक बिरामीहरू पनि विनासङ्कोच अस्पतालमा उपचार गर्न आउँछन् । यति मात्र नभई मानसिक रोगीको शारीरिक रोग तथा शारीरिक रोगीको मानसिक रोगको उपचार गर्न पनि बिरामीलाई र चिकित्सक दुवैलाई सजिलो हुन्छ ।

वार्षिक बजेट बढाउनेः नेपालमा हाल स्वास्थ्य क्षेत्रको लागि कुल राष्ट्रिय बजेटको करिब पाँच प्रतिशत रकम मात्र छुट्याउने गरेको पाइन्छ । विश्व स्वास्थ्य सङ्गठनले कुल राष्ट्रिय बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रलाई छुट्याउनुपर्छ भनी सिफारिस गरेको भए तापनि यो हुन सकेको छैन । त्यसैले कुल राष्ट्रिय बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रलाई छुट्याउनुको साथै स्वास्थ्य क्षेत्रमा प्राप्त बजेटमध्ये रोगको भारको अनुपातमा मानसिक स्वास्थ्यलाई रकम छुट्याउनुपर्छ ।



समुदायमा आधारित मानसिक स्वास्थ्य सेवाः अस्पतालमा आधारित मानसिक स्वास्थ्य सेवालाई भन्दा समुदायमा आधारित मानसिक स्वास्थ्य सेवालाई प्राथमिकता दिनुपर्छ । यसले गर्दा मानसिक बिरामीको समयमा नै पहिचान, निदान तथा उपचार हुनुको साथै बिरामीले आफ्नो घरनजिकै सजिलोसँग सस्तोमा उपचार सेवा पाउँछन् । यस प्रकारको सेवा उनीहरूलाई सजिलै स्वीकार्य पनि हुन्छ ।

'मानसिक रोग' नभनी रोगको प्रकार नै किटान गर्नेः 'मानसिक रोग'भन्दा सर्वसाधारणले कडा खाले मानसिक रोग तथा पागल वा मानसिक सन्तुलन बिग्रेको मानिस सम्झिने गर्छन् । सो बुझाइ गलत भएकोले मानसिक रोग नभनी शारीरिक रोगमा जस्तै कुन प्रकारको मानसिक रोग हो ? सो किटान गर्नुपर्छ ।

धामी, झाँक्री आदिसँग सहकार्य गर्ने र परिचालन गर्नेः धामी, झाँक्री, माता, फुक्ने, जान्ने आदि नामले चिनिने परम्परागत उपचारक हाम्रो देशको हरेक ठाउँमा पाइन्छन् । यिनीहरू सजिलै र सस्तोरूपमा जुनसुकै बेला पनि उपलब्ध हुनुका साथै यिनीहरूले समुदायको विश्वास पनि पाएका हुन्छन् । गाउँ-घर तथा अशिक्षित व्यक्तिलगायत शहरी क्षेत्रमा शिक्षित व्यक्तिले पनि यिनीहरूलाई विश्वास गरेको पाइन्छ । उपचारका लागि आउने करिब ८० प्रतिशत बिरामीले कुनै न कुनै रूपमा पहिले यी परम्परागत उपचारककहाँ उपचार गरेको पाइन्छ । तसर्थ यिनीहरू समाजका अभिन्न अङ्ग हुन् भन्ने तथ्यलाई मनन गरी यिनीहरूलाई मानसिक रोगसम्बन्धी उचित तालिम दिएर मानसिक बिरामीको पहिचान गरी मानसिक स्वास्थ्य केन्द्र तथा मानसिक रोग विशेषज्ञलाई रिफर गर्ने व्यवस्था मिलाउनुपर्छ ।

सबैभन्दा तल्लो तहका स्वास्थ्यकर्मी परिचालन गर्नेः ग्रामीण स्तरमा रहेर काम गर्ने ग्रामीण स्वास्थ्य कार्यकर्ता, महिला मातृशिशु स्वास्थ्य कार्यकर्ता, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका आदिलाई मानसिक रोगसम्बन्धी जनचेतना जगाउने, मानसिक रोगसम्बन्धी आधारभूत शिक्षा दिने र आधारभूत मानसिक रोग पहिचान गरी उपचारको लागि प्रेषण गर्न सक्ने तालिम दिनुपर्छ ।

टेलिमेडिसिन तथा टेलिहेल्थ कार्यक्रम सञ्चालन गर्नेः टेलिमेडिसिन तथा टेलिहेल्थ कार्यक्रमबाट दुर्गम स्थानमा भएका बिरामीलाई नभेटी उनीहरू बसेकै स्थानमा मानसिक स्वास्थ्य सेवा दिनेकार्य गर्न सकिन्छ। यसबाट दुर्गम स्थानमा काम गर्ने स्वास्थ्यकर्मीलाई मानसिक रोगको निदान तथा उपचार गर्न पनि मद्दत गर्न सकिन्छ । यस प्रकारका सेवा उनीहरूलाई सजिलै स्वीकार्य हुनुका साथै उनीहरू लाभान्वित हुन सक्छन् । त्यस कारण टेलिहेल्थ तथा टेलिमेडिसिन कार्यक्रमलाई प्राथमिकतामा राखी यसबाट सकेसम्म फाइदा उठाउने व्यवस्था गर्नुपर्छ ।

राष्ट्रिय दुर्व्यसन नियन्त्रण केन्द्रः दुर्व्यसन भन्नाले प्रायः लागूऔषध दुर्व्यसनलाई मात्र लिने गरेको पाइन्छ । तर यो सोचाइ गलत हो । दुर्व्यसन सामान्यतया दुई प्रकारको हुन्छ । एउटा रासायनिक दुर्व्यसन र अर्को आदतको दुर्व्यसन । रासायनिक दुर्व्यसनमा लागूऔषध दुर्व्यसन, मादक पदार्थ दुर्व्यसन, तमाखु दुर्व्यसन आदि पर्दछन् भने आदती दुर्व्यसनमा जुवा-तास खेल्ने दुर्व्यसन, इन्टरनेट दुर्व्यसन, यौन दुर्व्यसन आदि पर्दछन् । सबैखाले दुर्व्यसन समाजमा बढ्दोरूपमा देखा परे पनि हाम्रो देशमा हालसम्म कुनै त्यस्तो संस्था छैन, जसले समग्रमा विभिन्न प्रकारका दुर्व्यसन नियन्त्रणको काम गर्दछ । लागूऔषध नियन्त्रणको लागि संस्था भए तापनि विभिन्न प्रकारका दुर्व्यसनका क्षेत्रलाई यसले नसमेटेकोले सबैलाई समेट्ने एउटा राष्ट्रिय संस्थाको खाँचो छ ।


मानसिक स्वास्थ्य क्याम्पः सबै मेडिकल कलेज र स्थानीयसँग सहकार्य एवं समन्वय गरी देशका दुर्गम स्थानमा नियमितरूपमा मानसिक स्वास्थ्य क्याम्प आयोजना गर्नुपर्छ । यसले गर्दा दुर्गम क्षेत्रका बिरामीहरू लाभान्वित हुन सक्छन् ।

स्वस्थ जीवनशैली र खानपिनबारे प्रचार-प्रसारः कतिपय मानसिक रोगहरू अस्वस्थ जीवनशैली तथा अस्वस्थ खानपिनबाट हुने र कतिपय मानसिक रोग लम्बिने तथा चर्किने वा निको भइसकेको मानसिक रोग फेरि बल्झिने हुन्छन् । त्यसैले अस्वस्थ जीवनशैली तथा अस्वस्थ खानपिनले मानसिक स्वास्थ्यमा पार्ने नकारात्मक असर, स्वस्थ जीवनशैली र स्वस्थ खानपिनबारे प्रचारप्रसार गरी व्यवहारमा परिवर्तन ल्याउन प्रोत्साहित गर्नुपर्छ ।

छुट्टै मानसिक स्वास्थ्य ऐन ल्याउनेः मानसिक स्वास्थ्य सेवाको प्रवर्द्धन तथा रोकथाम गर्न, मानसिक रोगीहरूको उपचारमा सजिलो पहुँच पुऱ्याउन, स्तरीय उपचार सेवा प्रदान गर्न, उपचारसँगै तिनीहरूको पुनर्स्थापना तथा परिवार, समाज र समुदायमा पुनः समाहित गर्न, तिनीहरूको हक, हित र अधिकारको प्रवर्द्धन एवं संरक्षण गर्न अनि सकेसम्म तिनीहरूलाई परिवार तथा समुदायमा नराखी उपचार गर्नको लागि छुट्टै मानसिक स्वास्थ्य ऐन ल्याउन आवश्यकता छ । मानसिक रोगी र यो रोगप्रति समाजमा शताब्दीयौँदेखि व्याप्त रहेको नकारात्मक धारणा, अन्धविश्वास, भेदभावपूर्ण असमान व्यवहार तथा मानसिक रोगप्रति व्याप्त सामाजिक कलङ्क हटाउनु पनि राज्यको दायित्वभित्र पर्दछ । यसको लागि छुट्टै मानसिक स्वास्थ्य ऐनको आवश्यकता पर्दछ ।

मानसिक स्वास्थ्य महाशाखाः स्वास्थ्य मन्त्रालय अथवा स्वास्थ्य सेवा विभागमा छुट्टै मानसिक स्वास्थ्य महाशाखाको व्यवस्था हुनुपर्छ । सो मानसिक स्वास्थ्य महाशाखाले वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्नुको साथै मानसिक स्वास्थ्यसम्बन्धी सम्पूर्ण क्रियाकलापको सुपरीवेक्षण, अनुगमन तथा मूल्याय्न गर्ने आदि काम गर्नुपर्छ । (नेपाल सरकारका पूर्व स्वास्थ्यसचिव श्रेष्ठ बरिष्ठ मनो-चिकित्सक हुनुहुन्छ)

# नेता नेता जस्ता भएनन्- दल दल जस्तो भएन !



बलराम केसी

२०४६ सालको आन्दोलनले पूर्ण प्रजातन्त्र स्थापित गऱ्यो। तत्कालीन अवस्थाका तीन शक्तिहरू राजा, कांग्रेस र एमाले मिलेर पूर्ण प्रजातान्त्रिक संविधान बन्यो।

अब कानुनी शासन मजबुत होला, भ्रष्टाचार नहोला भन्ने आश थियो। तर नेताहरूले संविधानलाई सुशासन, संविधानवाद र विकासमा प्रयोग गरेनन्। प्रजातन्त्र र संविधान भ्रष्टाचार गर्न र सिंहदरबार कब्जा गर्नमा प्रयोग गरे। त्यतिमा सीमित रहेन, भ्रष्टाचार संस्थागत गरे। सरकारी निकायमा हस्तक्षेप गरेर आफ्ना मान्छे भर्ती केन्द्र बनाए।

भ्रष्टाचारले छोटो समयमै नेताहरूलाई जनताले 'जुन जोगी आए पनि कान चिरूवा' हुँदो रहेछ भन्ने प्रभाव पाऱ्यो। त्यही बेला माओवादीको उदय भयो। केही हदसम्म अब चीनको जस्तो भ्रष्टाचार नियन्त्रण र आर्थिक विकास होला भन्ने आश लाग्यो। माओवादीले राजनीतिक प्रजातन्त्र नदिए पनि चीनबाट सिकेर भ्रष्टाचारीलाई जेल हाल्ला र आर्थिक विकासमा डङ-सिआओ-पिङले जस्तो आर्थिक विकास गर्ला भन्ने लागेको थियो।

तर माओवादीका दुई रूप देखिए। मूलधार राजनीतिमा प्रवेश गरेर सिंहदरबार कब्जा नगरून्जेल 'साधु बिरालो' झैं देखियो। सिंहदरबार प्रवेश गरेर सत्ताको चास्नीमा डुबेपछि 'अरूले भ्रष्टाचार गर्न हुन्छ भने, हामीले किन नहुने' भन्ने सोच र व्यवहार देखियो।

कांग्रेस, एमाले दुई दलका नेताको मुखमा प्रजातन्त्र भए पनि आचरणमा प्रजातान्त्रिक संस्कार देखिएन। संस्कार प्रजातान्त्रिक नभएर होला विरोध गर्न जान्ने, बनाउन नजान्ने देखियो। संविधानलाई उनीहरूले आ-आफ्नो दलको विधानसरह ठाने। संविधान उल्लंघन र विधान उल्लंघनमा केही फरक ठानेनन्। संविधान उल्लंघनलाई चातुर्य ठाने तर संविधानवादले संविधान उल्लंघनलाई असभ्य र जंगलीपन ठान्छ भन्ने बुझेनन्।

संसदीय व्यवस्थाको स्रोत बेलायत हो। बेलायतमा हाम्रो जस्तो चार अक्षरको 'सं-वि-धा-न' छैन। सन् १२१५ को 'म्याग्नाकार्टा' देखि १७०१ को 'एक्ट अफ सेटलमेन्ट' हुँदै 'कमन ल' लगायत विभिन्न मितिका कानुनी दस्ताबेज नै बेलायतको संविधान हो। बेलायती जनताले 'खै हाम्रो संविधान' भनेर खोजी गरेनन्।

संसदीय व्यवस्थाको अर्को देश जापान हो। जापानको संविधान लेखनमा जापानी नागरिकको कुनै भूमिका छैन। दोस्रो विश्व युद्धपछिको अमेरिकी सेनाको कमान्डर डगलस म्याकआर्थरले लेखेर दिएको दस्तावेज नै जापानको संविधान हो। जापानी नागरिकको स्वभाव शान्त र 'वर्काहोलिक' हुन्छ। भ्रष्टाचार गर्न जान्दैनन्। जापानी नागरिकले अमेरिकाले बनाएको संविधान हामी किन मान्ने भनेका छैनन्।

अर्को उदाहरण फरक व्यवस्थाको अमेरिकालाई लिनुहोस्।विश्वमै सबभन्दा छोटो, सानो र पुरानो लिखित संविधान अमेरिकाको हो। पचास स्वतन्त्र राष्ट्र मिलेर संयुक्त राज्य अमेरिका बनेको छ। पछि मिल्न आएका ३७ राज्यको संविधान लेखनमा कुनै हात थिएन। तर पनि २५० वर्ष अगाडिको संविधान पुरानो भयो, फेर्नुपऱ्यो भनेका छैनन्।

संविधानको 'स' पनि उल्लंघन नहुने उल्लेख गरिएका राष्ट्र हुन् यी। यी विकसित प्रजातान्त्रिक राष्ट्रको संविधान टिक्नमा नेताहरूको पनि ठूलो भूमिका छ। नेताहरूले भ्रष्टाचार गरेनन्, पदको लोभमा परेनन्, झुटो बोलेर जनता झुक्क्याएनन् र देशलाई धोका दिएनन्। पैसा कमाउन र आफ्नो मान्छे भर्ती केन्द्र बनाउन प्रधानमन्त्री वा राष्ट्रपति वा मन्त्री बनेनन्। पद बहालीअघि लिइने शपथलाई आफ्नो धर्मको ग्रन्थ माने।

पहिलो अवधिमा काम गर्न सकेनन्, जनता खुसी भएनन्, विरोध भयो, अलोकप्रिय भए भने अब पदमा बस्नु भनेको जनतालाई धोका दिनु हो भन्ने उनीहरूले राम्ररी बुझे। राजीनामा दिनु कर्तव्य र धर्म ठाने। एक पटक असफल हुनासाथ जनतालाई ढाँटेर, झुक्क्याएर, भोट खरिद गरेर पुनः पदमा बसेनन्। पदलाई जनताको नासो ठाने।

यिनै कारण शताब्दीऔं अगाडिका बेलायती जनता, २५० वर्ष अगाडिका अमेरिकी र दोस्रो विश्व युद्धपछिका जापानीले कहिल्यै पनि संविधान र राजनीतिक व्यवस्थालाई दोष दिएनन्। हाम्रोमा पनि यी तीन वटै देशको अनुभव र राम्रा कुरा लिएर बनाइएको संविधान राम्रो छ। तर हाम्रा अधिकांश नेताहरूमा ती देशका नेताहरूको जस्तो इमानदारिता र समझदारी देखिएको छैन। हाम्रा दलहरूले संविधानलाई 'बाँदरको हातमा नरिवल' बनाएका छन्। सरकारमा हुँदा भ्रष्टाचार गर्ने र आर्थिक विकास नगर्ने, अनि विपक्षी हुँदा संसद अवरोध मात्र गर्ने प्रवृत्ति देखियो।

नभए, २०४७ सालको संविधान अनुसारको संसदीय व्यवस्थामा देश चलाउन कुनै कमी थिएन। देशले आर्थिक विकास गर्थ्यो, स्थायित्व हुने थियो। भ्रष्टाचार हुने थिएन। केही कमी भए संशोधन गरेर मिलाउन सकिन्थ्यो। वर्तमान संविधान पनि संघीयता बाहेक मन्त्रिपरिषद संसदप्रति उत्तरदायी हुने संसदीय व्यवस्था नै हो।

नेताहरूमा 'भिजन' र इमानदारिता भएको भए प्रत्यक्ष निर्वाचित कार्यकारी चाहियो भन्ने थिएनन्। देश चलाउन सकिएन, ढंग पुगेन भन्ने स्वीकार गरेर नयाँ पुस्तालाई हस्तान्तरण गर्थे र राजनीतिबाट विश्राम लिन्थे। तर हाम्रा ठूला दलका नेताले आफूलाई ठिक, बुद्धिमान, विद्वान, चतुर मात्र ठाने। आफ्नो असफलता कहिल्यै स्वीकार गरेनन्। न भ्रष्टाचारी, स्वार्थी र अक्षमताको आरोप कहिल्यै स्वीकार गरे। अझै 'म लोकप्रिय छु' भन्ने घमण्ड र अहंकार नेताहरूमा छ।

जेनजीको आन्दोलनले भने यी नेताहरूको 'लोकप्रियता' उदांगो पारेको छ। केही दिनअघि भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित दोभालले नेपाल सरकारलाई बंगलादेश र श्रीलंकासँग तुलना गर्दै राज्य सञ्चालन असफल हुनुको कारण जेनजीको उदय हो भने।यति हुँदा पनि हाम्रा नेतामा चेत आएको देखिँदैन। पाए अझै प्रधानमन्त्री बन्ने दौडमा छन्।भदौ २३ र २४ को घटना २०४७ सालदेखि थुप्रिएर बसेको भ्रष्टाचार, लुट र ठूला दलको मनपरीको आक्रोश र विस्फोट हो।

जनताले गरेको 'अब केही हुन्छ कि' भन्ने आश, भरोसा र विश्वासमाथि धोका भयो। सुधार र आर्थिक विकास भएन। भ्रष्टाचार, अराजकता, दण्डहीनता बढ्यो। रोजगारी सिर्जना, निर्यात बढेन। औद्योगिक विकास भएन। बरू बिना योजना र प्रयोग नहुने भ्यूटावर जस्ता संरचना बनाइयो। जनताले प्रत्यक्ष लाभ पाउने अधिकांश विकास आयोजना र संरचनाको शिलान्यास र उद्घाटन मात्र गरियो। कति योजना अलपत्र पारियो।संसदले पनि 'रेलिभेन्सी' गुमाइसकेको थियो।

संसदीय व्यवस्थामा संसदको आयु सामान्यतया ५ वर्ष हो। यो भनेको सार्वभौमसत्ता सम्पन्न जनताले चुनेर ५ वर्ष संसदमा बस्न आफ्नो सार्वभौमसत्ता उनीहरूमा सारेको हो। सरकारले हाम्रो सार्वभौमसत्ता प्रयोग गर्न जान्दैन, दुरूपयोग गर्छ, स्वार्थी बन्छ, भ्रष्ट हुन्छ, अक्षम हुन्छ भने त्यो अवस्थामा सार्वभौम नेपालीले सर्तसहित सारेको अधिकार फिर्ता लिएर पुनः इजाजत दिन निर्वाचनमा पठाउने कार्य नै संसदीय व्यवस्थाको गुण र विशेषता हो।

तीन वर्ष अगाडि पाँच वर्षका लागि भनेर नेपाली जनताले सांसदहरूलाई आफ्नो सार्वभौमसत्ता सारे पनि उनीहरू असफल र असक्षम प्रमाणित भएको छ। अब जनताको म्यान्डेट पुनः नवीकरण गर्ने बाटो चुनाव हो।

जनेजी आन्दोलनले 'हाम्रो सार्वभौमसत्ता हामी फिर्ता लिन्छौं, तपाईंहरू चुनावमा गएर पुनः म्यानडेट लिएर आउनुहोस्' भनेको हो। त्यसैले चुनावको विरोध गर्न हुँदैन। अब पनि 'संसद पुनर्स्थापना गर्नुपऱ्यो, हामी नै प्रधानमन्त्री बन्नुपऱ्यो' भन्ने दिवास्वप्न कुनै दल र नेताले देख्छ भने त्यसले संसदीय व्यवस्था बुझ्दैन भन्ने ठानिन्छ।भ्रष्टाचार विरोधी, सुशासनका पक्षधर आम नेपालीले 'चुनाव गराएरै छाड्छौं' भन्ने इच्छाशक्ति देखाउने बेला यही हो।

केही नेताहरू प्रत्यक्ष निर्वाचित कार्यकारी चाहियो पनि भनिरहेका छन्। त्यो भनाइ अनुचित नहोला तर ती कुरा चुनावपछि गर्ने हो। आज सम्बोधन गर्नुपर्ने त्योभन्दा महत्वपूर्ण विषय चुनाव नै हो।

२०४६ सालको संविधानले देश पूर्ण प्रजातान्त्रिक भएपछि देश बेलायती पारामा चल्ला, अक्षमताको अलिकति चर्चा हुने बित्तिकै नेताले पद वा राजनीति छाड्लान्, भ्रष्टाचार नगर्लान्, स्वार्थका लागि संसद विघटन नगर्लान् भन्ने सोच भयो। यही कारण एक व्यक्ति कति पटक प्रधानमन्त्री हुन पाउने भन्नेबारे केही व्यवस्था गरिएन। २०७२ सालको संविधानले पनि यसमा ध्यान दिएन।

त्यसैले आजको मुख्य समस्या भयो – एक पटक प्रधानमन्त्री भएपछि पदको मोहमा फसेर त्यसमा टिकिरहन सक्दो जे पनि गर्ने! जति पटक मिले वा पाएसम्म प्रधानमन्त्री हुने! आजीवन प्रधानमन्त्री बन्ने चाहना!यो समस्या समाधानका लागि दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने नियम बनाउनुपर्छ।

आगामी चुनावमा अहिलेकै बाजे पुस्ताका नेता निर्वाचित भए भने देशलाई कुनै फाइदा हुने छैन। अर्को ५ वर्षमा देश थप ध्वस्त हुनेछ। अराजकता, गरिबी, भ्रष्टाचार नियमित र खुल्लमखुला हुनेछ। बेरोजगारी, बेथिति बढ्नेछ, थप युवाहरू विदेशिने छन्। यहाँ भएका युवा पनि सडकमा ओर्लिनेछन्। समाजमा रक्तपात हुनेछ।त्यसैले सुधार गर्ने मौका यही हो।

अहिलेको अन्तरिम सरकारले अध्यादेश जारी गरेर यो प्रवृत्तिमा रोक लगाउन सक्छ। प्रधानमन्त्री कति पटक बन्न मिल्ने, शैक्षिक योग्यता के हो, शारीरिक, मानसिक र मनोवैज्ञानिक अवस्थाको जाँच गर्ने, सम्पत्ति उदघोष गर्ने व्यवस्थाका लागि अध्यादेश जारी गर्न सक्छ र गर्नुपर्छ।

यस्तो कुरा संविधानमा मात्र राख्न सकिन्छ भनेर सरकार भ्रममा पर्नुपर्दैन। ऐनबाटै गर्न सकिन्छ।

अमेरिकामा संविधानको २२ औं संशोधन अघिसम्म कति पटक राष्ट्रपति बन्न पाउने भन्ने थिएन। जति पटक पनि बन्न पाइन्थ्यो। पछि सांसदहरूले अमेरिका गणतान्त्रिक भएकाले चुनाव जितेकै आधारमा पटक पटक एउटै व्यक्ति राष्ट्रपति हुने हो भने राजतन्त्र र गणतन्त्रमा के फरक भयो भनेर प्रश्न उठाउन थाले। अनि सन् १९५१ मा कुनै व्यक्ति जम्मा दुई पटक मात्र राष्ट्रपति बन्न पाउने (एक कार्यकाल चार वर्ष) व्यवस्था गरेका हुन्।

प्रजातन्त्रमा संविधानले 'हुँदैन' भनेको कुरा ऐनले 'हुन्छ' भन्न सक्दैन। तर हाम्रो संविधानले कुनै व्यक्ति कति पटक प्रधानमन्त्री हुन पाउने भन्ने कतै तोकेको छैन। तोकेको भए ऐनमा 'पटक' राख्न सकिँदैन थियो। संविधानमा प्रधानमन्त्री बन्ने धारा ७६ हो। धारा ७६ मा प्रधानमन्त्रीको पटक मौन छ। धारा ७६ मौलिक हक पनि होइन, सरकार गठनको विधि हो।

संसदीय व्यवस्थामा प्रधानमन्त्री सरकार प्रमुख हुन्छ। प्रधानमन्त्री कति पटक बन्न पाउने भनेर नतोकिएको कारण प्रधानमन्त्री पदमा बस्नेहरू निष्ठावान, इमानदार, नैतिकवान, भिजन भएको र लोकप्रिय व्यक्ति हुन्छ भन्ने विश्वासले हो। एक पटक सांसद भएर प्रधानमन्त्री बनेपछि आफ्ना प्रतिज्ञाहरू पूरा गऱ्यो, भ्रष्टाचार गरेन, अर्थतन्त्र र विदेश नीति सुधाऱ्यो, विकास गऱ्यो, जनताको जीवनस्तर उकास्यो, पछि हुने चुनावमा पहिलेभन्दा सुधारिएको घोषणा पत्र ल्यायो र त्यो मतदाताले रूचाए भने जति पटक पनि प्रधानमन्त्री बन्न पाउनु संसदीय व्यवस्थाको मूल्य र मान्यता हो।

त्यस्ता मूल्य र मान्यताका केही अलिखित परम्परा छन्। बेलायत, अस्ट्रेलिया, जापान लगायत देश जहाँ यस्तै संसदीय व्यवस्था छ, त्यहाँ प्रधानमन्त्रीले राम्रो काम गऱ्यो भने बारम्बार उम्मेदवार बन्न सक्छ। तर अक्षमता, भ्रष्टाचार देखियो, विवादित बन्यो भने उसले तुरून्त राजीनामा गर्छ र पुनः प्रधानमन्त्री बन्दैन।

हाम्रोमा भने यो अलिखित परम्परा पनि रहेन। थेग्न नसकिने भइसक्दा पनि पद नछाड्ने संस्कार विकास भयो। त्यसैले अब यसको अन्त्य हुनैपर्छ ।

# जेनजी आन्दोलनको भावनाअनुरुप सेवा प्रवाह गर्न प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले जेनजी आन्दोलनको भावना र मर्मअनुसार जनआकाङ्क्षाअनुरूप सेवाप्रवाह गर्न निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको चालु आवमा सञ्चालित कार्यक्रमको प्रथम त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा प्रधानमन्त्री कार्कीले उच्च मनोवलका साथ निर्धारित लक्ष्य हासिल गर्नेगरी कार्यसम्पादन गर्न निर्देशन दिनुभएको हो ।

उहाँले जेन्जी आन्दोलनका क्रममा भएका तोडफोड र आगजनीबाट मन्त्रिपरिषद्को कार्यालयको क्षतिसहित अन्य भौतिक सम्पत्तिलगायत सम्पूर्ण क्षतिको विवरण यथासक्य छिटो अद्यावधिक गर्न सम्बद्ध अधिकारीलाई निर्देशन दिनुभयो । यसैगरी अन्य निकायमा भएका क्षतिको एकीकृत विवरणको प्रतिवेदन तयार गर्न उहाँले निर्देशन दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले विद्युतीय खरिद प्रणाली सार्वजनिक निकायको खरिद प्रक्रियासँग जोडिएको संवदेनशील विषय भएकाले त्यसको स्तरोन्नतिका लागि आवश्यक पर्ने उपकरण खरिदको काम निर्धारित समयमै पूरा गरिसक्नुपर्ने बताउनुभयो । उहाँले ‘ग्रे लिष्ट’बाट नेपाललाई बाहिर निकाल्न नियमनकारी, अनुसन्धानकारी तथा अन्य सम्बद्ध निकायबाट सम्पादन भएका काम कारबाहीको मन्त्रिपरिषद्को कार्यालयले आवश्यक सहजीकरण, समन्वय एवम् अनुगमन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

“सुशासनयुक्त र भ्रष्टाचार मुक्त राष्ट्र निर्माणप्रति वर्तमान सरकार प्रतिबद्ध रहेको छ, सार्वजनिक निकायबाट सम्पादन भएका काम कारवाही निष्पक्ष, स्वच्छ, सहज र सेवाग्राहीमैत्री भए-नभएको शुक्ष्म निगरानी तथा अनुगमन गर्न राष्ट्रिय सतर्कता केन्द्रले थप पहल गर्नुपर्छ”, प्रधानमन्त्री कार्कीले भन्नुभयो ।रासस



# ‘युवा पुस्तालाई मतदानको अवसर प्रदान गर्न मतदाता नामावली ऐन संशोधन गरिएको हो ’



काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले तोकिएकै समयमा निर्वाचन सम्पन्न गरी जनताबाट निर्वाचित प्रतिनिधिलाई सत्ता सुम्पन सरकार आतुर रहेको बताउनुभएको छ । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको विहिबारको बैठकमा ‘शान्ति सुरक्षा र आगामी निर्वाचनको तयारी’ बारे धारणा राख्दै उहाँले आगामी फागुन २१ मा निर्वाचन सम्पन्न गर्नु वर्तमान सरकारको प्राथमिक जिम्मेवारी भएको बताउनुभयो ।

गृहमन्त्री अर्यालले भन्नुभयो, “स्वच्छ, निस्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न राजनीतिक दल, सरोकारवाला र कूटनीतिक नियोगका प्रमुखलगायतसँग छलफल एवं परामर्श गरिएको छ ।” मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गराउन सबै सुरक्षा निकायको समन्वयमा संयुक्त सुरक्षा गस्ती सुरु गरिएको उहाँको भनाइ छ ।

निर्वाचन सुरक्षा योजना तयार गर्न गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा सबै सुरक्षा निकायका प्रतिनिधि रहेको कार्यदल गठन भएको जानकारी दिँदै गृहमन्त्रीले कार्यदलले पेस गरेको प्रतिवेदनलाई केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत गरी कार्यान्वयमा ल्याइने बताउनुभयो ।

गृहमन्त्री अर्यालले विदेशमा रहेका नेपालीलाई समेत मताधिकारको अधिकार प्रदान गर्ने सम्बन्धमा कानुन संशोधनको गृहकार्य अगाडि बढेको स्पष्ट पार्नुभयो । “ युवा पुस्तालाई मतदानको अवसर प्रदान गर्न मतदाता नामावली ऐन २०७३ लाई संशोधन गरिएको छ”, उहाँले भन्नुभयो, “यसबाट दुई लाख बढी मतदाता थप भएका छन् ।”

निर्वाचनको लागि सुरक्षा निकायका लागि आवश्यक पर्ने श्रोत र साधनको कतिपय व्यवस्थापन भइसकेको र कतिपय व्यवस्थापन हुने क्रममा रहेको गृहमन्त्रीको भनाइ छ । “फरार कैदी बन्दी र लुटिएका हतियारलाई प्रमुख सुरक्षा चुनौतीको रूपमा लिई सरकार गम्भीरतापूर्वक अघि बढेको छ”, उहाँले भन्नुभयो, “सम्पूर्ण चुनौतीलाई परास्त गरी स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुनेमा सरकार विश्वस्त छ ।”

वर्तमान सरकारसँग देश र आमजनताको उच्च अपेक्षा रहेको जनाउँदै गृहमन्त्रीले छोटो अवधिको बावजुद जनताका आकांक्षालाई कानुनको परिधिभित्र रही अधिकतम हासिल गर्न प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्नुभयो, “हामीलाई असफल हुने छुट नभएको हुँदा सबैबाट आगामी दिनमा हालको जस्तै साथ र सहयोग रहने कुरामा विश्वस्त छौँ”, उहाँले भन्नुभयो ।रासस

# भयरहित वातावरणमा निर्वाचन हुने सुनिश्चिता गर्न संसदीय समितिको निर्देशन

काठमाण्डु । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले आसन्न प्रतिनिधिसभाको निर्वाचन स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा हुने सुनश्चितता गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिका सभापति सोनाम गेल्जेन शेर्पाको सभापतित्वमा बसेको समितिको विहिबारको समितिका सदस्यहरुले निर्धारित मितिमै निर्वाचन सम्पन्न गर्नुपर्ने, प्रहरीको मनोबल बढाउनुपर्ने, मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गर्नुपर्नेमा जोड दिनुभयो ।

छलफलमा उठेका प्रश्नको जवाफ दिँदै गृहमन्त्री अर्यालले सरकारले निर्वाचनमा सुरक्षाको कुनै कसर बाँकी नराख्ने बताउनुभयो । उहाँले



बैठकले प्रहरीको मनोबल उच्च बनाउँदै जेनजी आन्दोलनका क्रममा लुटिएका हातहतियार फिर्ता गर्न र फरार कैदीलाई कानुनी दायरामा ल्याउन निर्देशन दिएको हो ।

समितिले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी र सुरक्षा अवस्थाबारे गृहमन्त्री ओमप्रकाश अर्यालसँग छलफल गरेको थियो । छलफलमा सुरक्षा निकायलाई आवश्यक बन्दोबस्तीका सामग्री कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै आवश्यक स्रोत जुटाउन समन्वय भइरहेको बताउनुभयो । फरक प्रसङ्गमा मन्त्री अर्यालले सरकार दलहरुसँग नकारात्मक हुनै नसक्ने बताउनुभयो । उहाँले वार्ता र संवादबाटै आगामी समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।रासस

# कुरा र व्यवहार नमिल्दा देशले क्षति व्यहोर्नु प-यो: मुख्यमन्त्री बानियाँ



दोलखा । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले राज्यका हरेक निकायमा कुरा एउटा र व्यवहार अर्को हुँदा देशले अकल्पनीय क्षति व्यहोर्नु परेको बताउनुभएको छ । बानियाँले तीनै तहका सरकारले गरिबको पक्षमा, न्यायको पक्षमा काम नगर्दा देशमा विषम् परिस्थिति सृजना भएको बताउनुभयो ।

दोलखाको सदरमुकाम चरिकोटमा स्थानीय सरकारबीच सिकाइ आदानप्रदानका लागि राष्ट्रिय कार्यशालालाई सम्बोधन गर्दै उहाँले राज्य मेरो हो, यो देश मेरो हो भन्ने गरी नागरिकप्रति जिम्मेवार भएर कर्म नगरे समस्या उत्पन्न हुने धारणा राख्नुभयो ।

यहाँ विहिबारदेखि स्थानीयसरकारको राष्ट्रियकार्यशाला सुरु भएको छ । स्थानीय सरकारबीच सिकाइ आदानप्रदानका लागि राष्ट्रिय कार्यशालाको आयोजना गरिएको हो । कार्यशालामा देशभरका १९ स्थानीय तहका जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतको सहभागिता रहेको छ । कार्याशाला शुक्रबारसम्म चल्ने छ ।रासस

# राष्ट्रिय परिचयपत्रमार्फत अनलाइन मतदाता नामावलीमा नाम दर्ता हुने

काठमाण्डु । नागरिकहरूले राष्ट्रिय परिचयपत्रमार्फत आफ्नो विवरण आफैँ भरी मतदाता नामावलीमा दर्ता गर्न सक्ने भएका छन् ।

सामाजिक सञ्जालमार्फत जानकारी दिँदै प्रधानमन्त्री सुशीला कार्कीले अब नागरिकले अनलाइन प्रणालीबाट नै मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने सुविधा सुरु भएको बताउनुभएको हो । उक्त सूचनाअनुसार राष्ट्रिय परिचयपत्र भएका नागरिकले निर्वाचन आयोगको वेवसाइटमा प्रि-रजिष्ट्रेशन फारम भरेपछि बायोमेट्रिकका लागि कार्यालय जानुपर्ने बाध्यता हटेको छ । मतदाता दर्ता प्रक्रिया चार चरणमा सम्पन्न हुनेछ ।




पहिलो चरणमा राष्ट्रिय परिचयपत्रको विवरण मिलान गरी मतदाता परिचयपत्रसँग जोड्ने प्रक्रिया सुरु हुनेछ । दोस्रो चरणमा देखिएका विवरण पुनःजाँच गरी त्रुटि भए सच्याउने व्यवस्था गरिएको छ । तेस्रो चरणमा मतदानस्थल छनोट गर्न तथा नयाँ बसोबास वा विवाहका कारण ठेगाना परिवर्तन भए आवश्यक कागजात अपलोड गर्न सकिनेछ । चौथो चरणमा सबै विवरण अन्तिम पटक जाँच गरी फारम अनलाइनमार्फत पेस गरेपछि मतदाता नामावली दर्ता प्रक्रिया पूरा हुनेछ ।रासस

# राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि आयोगद्वारा दलहरूसँग छलफल

काठमाण्डु । निर्वाचन आयोगले आगामी माघ ११ गतेका लागि निर्धारित राष्ट्रियसभा सदस्यको निर्वाचनका राजनीतिक दलहरुसँग छलफल गरेको छ ।

आयोगको कार्यालय, कान्तिपथमा भएको छलफलमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्त र राष्ट्रिय मान्यताप्राप्त एवं राष्ट्रियसभामा प्रतिनिधित्व गरिरहेका नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेकपा (माओवादी केन्द्र)लगायत दलका प्रतिनिधि सहभागी छन् । आयोगका सचिव माहादेव पन्थले राष्ट्रियसभाको निर्वाचनको प्राविधिक तयारीका विषयमा दलहरूसँग परामर्शपछि निर्वाचन कार्यक्रम ल्याइने बताउनुभयो ।



सभाको सदस्यको पदावधि सकिनु ३५ दिन अघि निर्वाचन हुनुपर्ने कानुनी व्यवस्था बमोजिम यो निर्वाचन हुन लागेको हो । सभाका १९ सदस्यको कार्यकाल आगामी फागुन २१ गते सकिँदैछ । त्यसमध्ये १८ सदस्यमा निर्वाचन हुनेछ भने एक सदस्य राष्ट्रपतिबाट मनोनित हुनेछन् ।

सभाको निर्वाचक मण्डलमा प्रदेशसभाका सदस्य, प्रदेशभित्रका स्थानीय निकायका अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुख रहनेछन् । प्रत्येक प्रदेशसभा सदस्यको मतभार ४८ र अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुखको मत भार १८ हुन्छ ।रासस

# राष्ट्रियसभाका सदस्यहरु अध्यागमन विभागको अनुगमनमा



काठमाण्डु । राष्ट्रियसभाका सदस्यहरुले विहीबार अध्यागमन विभागको वस्तुगतस्थिति अनुगमन गर्न विभागको कार्यालय पुग्नुभएको छ ।

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति मायाप्रसाद शर्मालगायत समितिका सचिव एवं उपसचिव सञ्जय दाहाललगायत ११ जना समितिका सदस्यहरु टोली कालिकास्थानस्थित अध्यागमन विभाग र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा रहेको अध्यागमन कार्यालमा अनुगमन गर्न पुग्नुभएको हो ।

अनुगमनमा सहभागी हुनुभएका समितिका सदस्य रेनु चन्दले अध्यागमन विभाग ऐनअनुसार कार्यसम्पादन गर्न के-कस्तो कठिनाइ छ ? बुझ्नु र दैनिक कार्य एवं नीतिगत समस्याहरु के के छन ? भनी पत्ता लगाउन अवलोकन गरिएको चन्दले बताउनुभयो । “हामीले आज कार्यालयमा पुगेर त्यहाँको कार्यशैलीमा आएका समस्याहरु प्रत्यक्ष बुझ्ने प्रयास गर्यौं”, उहाँले भन्नुभयो ।

समितिका सचिव एवं उपसचिव सञ्जय दाहालले अध्यागमन ऐन, २०४९ प्रत्यायोजित विधायनबारे अध्ययन गर्ने क्रममा रहेकाले अध्ययन गर्नुअघि वस्तुस्थिति अनुगमन गरिएको बताउनुभयो ।

“आज स्थलगत अवलोकन मात्रै गरेका हौँ”, उहाँले भन्नुभयो, “अनुगमनको केही समयपछि प्रतिवेदन तयार पार्ने छौँ र बैठकमा छलफल गर्ने भएका छौँ ।” अध्ययागमन विभागका निर्देशक एवं प्रवक्ता टीकाराम ढकालले राष्ट्रियसभाका सदस्यहरुको अनुगमनले थप जिम्मेवार बनाएको बताउनुभयो ।रासस

# उपराष्ट्रपति यादव स्वागत समारोहमा सहभागी

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादव गणतन्त्र कोरियाको राष्ट्रिय दिवसका अवसरमा बुधबार साँझ यहाँ आयोजित स्वागत समारोहमा सहभागी हुनुभयो ।

त्यस अवसरमा सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै नेपालका लागि कोरियाली राजदूत पार्क थेयङले नेपालको दिगो आर्थिक विकास र समृद्धिका लागि कोरिया सरकार नेपालसँग सहकार्य गरेर अगाडि बढिरहेको बताउनुभयो ।



उहाँले जलविद्युत्, सांस्कृतिक सम्पदा र मानव संसाधन नेपालको विकासका निम्ति प्रचुर सम्भावना भएका क्षेत्र भएकाले तिनलाई नै प्राथमिकतामा राखेर कोरियाले साझेदारको भूमिका निर्वाह गरेको बताउनुभयो ।

समारोहमा कोरियाली संस्कृति झल्कने सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो । त्यसैगरी, नेपाल सरकारका वरिष्ठ अधिकारी, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख, उद्यमी-व्यवसायी, सञ्चारकर्मी, कामको सिलसिलामा यहाँ रहेका कोरियाली नागरिकको उपस्थिति थियो ।रासस

# सुरक्षा व्यवस्थालाई चुस्त बनाउन गृहमन्त्रीको निर्देशन

काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले आसन्न प्रतिनिधिसभाको निर्वाचनलाई स्वच्छ, निश्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सुरक्षा व्यवस्थालाई चुस्त बनाउन नवनियुक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई निर्देशन दिनुभएको छ ।

प्रहरी महानिरीक्षकको दज्यार्नी चिह्नबाट विभूषित भएपछि कार्कीलाई गृहमन्त्रीले प्रहरीको मनोबल उच्च रहने गरी नेतृत्वदायी भूमिका खेल्न निर्देशन दिनुभएको हो । त्यसक्रममा प्रहरी महानिरीक्षक कार्कीले सरकारको निर्देशनको परिधिभित्र रही आफू र आफ्नो सङ्गठन सधैँ शान्ति सुव्यवस्था कायम गर्न दत्तचित्त भई खटिने प्रतिबद्धता व्यक्त गर्नुभएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

यसैबीच, गृहमन्त्री अर्याल र प्रहरी महानिरीक्षक कार्कीले जेनजी आन्दोलनका घाइते तथा जेनजी प्रतिनिधिसँग भेट गर्नुभएको छ । भेटमा घाइतेहरुले उपचारको प्रबन्ध र जेनजीका न्यायोचित मागको सम्बोधन गरिदिन आग्रह गर्नुभएको थियो ।रासस

# प्रदेशसभा कटहरीमा सर्ने भएपछि स्थानीयवासी उत्साहित

मोरङ । कोशी प्रदेश सरकारले मोरङ कटहरी गाउँपालिका-१ को तरकारी बजारमा रहेको संरचनामा प्रदेशसभा सार्ने निर्णयले स्थानीयवासी उत्साहित भएका छन् ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनका क्रममा विराटनगरमा रहेको प्रदेशसभा भवन आगजनीबाट क्षतिग्रस्त भएपछि प्रदेशसभा बैठक बस्न सकेको थिएन । कटहरीमा प्रदेशसभा सार्ने निर्णयसँगै प्रदेशसभा सचिवालय स्थापनाको काम सुरु गरिएको छ ।

सो निर्णयले स्थानीयवासी उत्साहित भएको वडाध्यक्ष हरिनारायण राजवंशीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो,




“सर्वदलिय बैठक र गाउँ कार्यपालिका बैठकबाट निर्णय गरी निःशुल्क रूपमा प्रदेशसभाका लागि साढे तीन विघाह क्षेत्रफलमा रहेको १६ करोडको संरचना उपलब्ध गराएका छौं ।” उहाँकाअनुसार जग्गा धनीपुर्जा पनि प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ ।रासस

# भारतद्वारा घातक कार विस्फोटलाई 'राष्ट्रविरोधी शक्तिहरूको आतङ्कवादी आक्रमण' ठहर

एपी

श्रीनगर ।भारत सरकारको मन्त्रिपरिषद्ले यस हप्ताको राजधानी नयाँदिल्लीमा भएको घातक कार विस्फोटलाई 'राष्ट्रविरोधी शक्तिहरूद्वारा गरिएको आतङ्कवादी आक्रमण' ठहर गरेको छ । यद्यपि सरकारले घटनासँग सम्बन्धित कुनै नयाँ प्रमाण सार्वजनिक गरेको छैन ।

सोमबार ऐतिहासिक लालकिल्ला नजिकै भएको विस्फोटमा आठ जनाको मृत्यु र कैयौँ घाइते भएका थिए । अनुसन्धानका क्रममा बुधबार अधिकारीहरूले विवादित काश्मीर क्षेत्रका विभिन्न भागबाट केही सन्दिग्धलाई पक्राउ गरेको जनाएका छन् । भारत सरकारले मङ्गलबारदेखि नै यस घटनालाई सम्भावित आतङ्कवादी गतिविधि मानेर अनुसन्धान सुरु गरेको हो, जसअन्तर्गत अधिकारीहरूलाई व्यापक कानूनी अधिकार प्राप्त भएको छ ।



बुधबार राति मन्त्रिपरिषद्ले पारित गरेको प्रस्तावमा सो घटनालाई 'राष्ट्रविरोधी शक्तिहरूद्वारा गरिएको जघन्य आतङ्ककारी कृत्य' भनेर व्याख्या गरिएको छ। प्रत्येक वर्ष स्वतन्त्रता दिवसमा प्रधानमन्त्रीले देशलाई सम्बोधन गर्ने लालकिल्लालाई भारतीय गौरवको प्रतीक मानिन्छ। यदि यो योजनाबद्ध आक्रमणको रूपमा पुष्टि भयो भने सन् २०११ पछि भारतको राजधानीमा भएको सबैभन्दा घातक विस्फोट हुनेछ ।

**कश्मीरमा गिरितारी र अनुसन्धान**

पुलवामा जिल्लामा मङ्गलबार राति सञ्चालन गरिएको छापामारीमा कम्तीमा पाँच व्यक्तिलाई सोधपुछका लागि हिरासतमा लिइएको छ । विस्फोटको केही घण्टाअघि काश्मीरमा कार्यरत सुरक्षा निकायहरूले नयाँदिल्ली बाहिर फरीदाबादमा रहेको एक सन्दिग्ध आतङ्कवादी सेल ध्वस्त गरेको घोषणा गरेका थिए । त्यस क्रममा दुई चिकित्सकसहित सात जनालाई पक्राउ गरिएको र ठूलो मात्रामा विस्फोटक पदार्थ र हतियार बरामद गरिएको थियो ।

भारतीय सञ्चार माध्यमहरूले फरीदाबादको सो सेल र लालकिल्ला विस्फोटबीच सम्बन्ध हुन सक्ने आशङ्का प्रकट गरेका छन् । यद्यपि प्रहरीले आधिकारिक रूपमा कुनै पुष्टि गरेको छैन । प्रहरी अधिकारीहरूले नाम नखुलाउने सर्तमा बताएअनुसार श्रीनगर वरिपरि अक्टोबर १९ मा देखा परेका भारतविरोधी पोस्टरहरूको अनुसन्धानकै क्रममा सो सेलको सुराकी फेला परेको थियो । ती पोस्टरहरूले भारतीय सुरक्षाकर्मीहरूमाथि आक्रमण गर्ने धम्की दिएका थिए ।

सिसिटिभी फुटेजको सहायताले प्रारम्भिक तीन सन्दिग्ध पहिचान गरिएका थिए। त्यसपछिका दिनहरूमा दुई काश्मीरी चिकित्सक र अन्य केही व्यक्तिलाई समेत पक्राउ गरिएको बताइएको छ । स्थानीय मिडियाले विस्फोट भएको कारको चालक पनि काश्मीरी भएको उल्लेख गरेका छन् ।

प्रहरीले फरीदाबादको मेडिकल कलेजमा अध्यापन गर्ने एक चिकित्सकले उक्त कार चलाइरहेका थिए कि थिएनन् भन्नेबारे पनि अनुसन्धान गरिरहेको छ । केही रिपोर्टअनुसार उनले विस्फोटबाट बच्न जानाजानी बम विस्फोट गराएका हुन सक्छन् वा दुर्घटनावश विस्फोटक पदार्थ ओसार्दा घटना घटेको हुन सक्छ ।

दिल्ली प्रहरीका प्रवक्ता सञ्जय त्यागीले अनुसन्धान टोलीले 'आतङ्कवादी आक्रमण, आकस्मिक विस्फोट वा यान्त्रिक त्रुटि – सबै कोणबाट अनुसन्धान भइरहेको' बताउनुभयो ।पुलवामाकी शगुफ्ता जान नामक महिलाले आफ्नो चिकित्सक दाजु गत शुक्रबारदेखि सम्पर्कविहीन रहेको बताउँदै चिन्ता व्यक्त गर्नुभयो । "उहाँले हामीलाई फोन गरेर घर आउने बताउनुभएको थियो, तर त्यसपछि कुनै सम्पर्क भएन", उहाँले भन्नुभयो । प्रहरीहरूले सोमबार राति उनका परिवारका सदस्यहरूलाई पनि सोधपुछका लागि लगेको जनाइएको छ ।

> दिल्ली प्रहरीका प्रवक्ता सञ्जय त्यागीले अनुसन्धान टोलीले "आतङ्कवादी आक्रमण, आकस्मिक विस्फोट वा यान्त्रिक त्रुटि – सबै कोणबाट अनुसन्धान भइरहेको" बताउनुभयो ।

**भारत-पाकिस्तान तनाव फेरि बढ्ने आशङ्का**

यस घटनाले पुनः भारत र पाकिस्तानबीच तनाव चुलिन सक्ने चिन्ता बढाएको छ । भारतले लामो समयदेखि पाकिस्तानमाथि आफ्नो भूमिमा हुने आतङ्कवादी आक्रमणहरूलाई समर्थन गरेको आरोप लगाउँदै आएको छ । इस्लामाबादले भने यस्ता आरोपलाई अस्वीकार गर्दै आएको छ ।

यस वर्ष अप्रिलमा काश्मीरमा भएको आक्रमणमा २६ जनाको मृत्यु भएको थियो, जसमा धेरैजसो हिन्दू तीर्थयात्रीहरू थिए । नयाँदिल्लीले त्यस घटनाको दोष पाकिस्तानमाथि थोपरेको थियो, जसले त्यसपछि दुवै देशबीच सैन्य झडपको अवस्था सिर्जना गरेको थियो ।

भारत र पाकिस्तान दुवैले काश्मीरको आंशिक प्रशासन गर्छन्, तर दुवै देशले सम्पूर्ण क्षेत्रमाथि दाबी गर्दछन् । सन् १९८९ देखि काश्मीरी विद्रोहीहरू भारतको नियन्त्रण विरुद्ध लडिरहेका छन् । भारतले यो सङ्घर्षलाई पाकिस्तानद्वारा प्रायोजित आतङ्कवाद मानेको छ भने पाकिस्तानले यसलाई काश्मीरी जनताको स्वतन्त्रता सङ्घर्ष' को रूपमा व्याख्या गर्छ ।

नयाँदिल्लीले विगतमा पनि ठूला आतङ्कवादी आक्रमणहरू भोगिसकेको छ ।

सन् १९९६ मा लाजपत नगर बजारमा भएको कार बम विस्फोटमा १३ जनाको मृत्यु भएको थियो भने २००८ मा समन्वित विस्फोटहरूमा २० जनाको ज्यान गएको थियो । ती घटनाहरूमा पनि काश्मीरी उग्रवादी समूह र एक भारतीय इस्लामिक विद्यार्थी सङ्गठनमाथि संलग्नताको आरोप लगाइएको थियो ।

नयाँदिल्लीको हालको कार विस्फोटले राजधानीको सुरक्षामा प्रश्न उठाएको मात्र नभई काश्मीर विवाद र भारत-पाकिस्तान सम्बन्धमा पुनः अशान्ति निम्त्याउने सङ्केत पनि देखिएको छ ।रासस

# बम विस्फोटपछि पनि श्रीलङ्का पाकिस्तानमै रहने, सबै खेल रावलपिन्डीमा सारिने




एएफपी

कोलम्बो । श्रीलङ्का क्रिकेट बोर्ड (एसएलसी) ले बिहीबार घोषणा गर्दै आफ्ना खेलाडीहरूले पाकिस्तानमै जारी एकदिवसीय अन्तर्राष्ट्रिय शृङ्खला र त्यसपछिको टि-२० त्रिकोणीय शृङ्खला पूरा गर्ने निर्णय गरेको जनाएको छ । आगामी सबै खेलहरू रावलपिन्डीमा स्थानान्तरण गरिने पनि बोर्डले स्पष्ट गरेको छ ।

यो निर्णय इस्लामाबादमा मङ्गलबार भएको आत्मघाती बम विस्फोटपछि आएको हो । उक्त विस्फोटमा १२ जनाको ज्यान गएको र २७ जना घाइते भएका थिए । उक्त घटनापछि कम्तीमा आठ श्रीलङ्काली खेलाडीले सुरक्षा चिन्ताका कारण पाकिस्तान छाड्न आग्रह गरेका थिए ।

तर श्रीलङ्का क्रिकेट (एसएलसी) का अनुसार पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी) सँग 'नजिकको परामर्श र सुरक्षा मूल्याङ्कन' पछि टोलीले भ्रमण जारी राख्ने निर्णय गरेको हो । बोर्डले खेलाडीहरूलाई ढुक्क पार्न पाकिस्तानले पर्याप्त सुरक्षा आश्वासन दिएको जनाएको छ ।

"हामीले आकस्मिक परिस्थितिका लागि वैकल्पिक खेलाडीहरू तयारी अवस्थामा राखेका थियौँ, तर अहिले टोली पूर्ण रूपमा पाकिस्तानमै रहन सहमत भएको छ", एसएलसीका एक वरिष्ठ अधिकारीले भने, "त्यसैले अब कुनै पनि खेलाडीलाई स्वदेश फर्काइने छैन ।"शृङ्खलाका सबै खेलहरू अब रावलपिन्डीमा खेलिनेछन् । रावलपिन्डीको नजिकै इस्लामाबादमा कडा सुरक्षा व्यवस्था गरिएको छ। सुरुमा निर्धारित छवटा राउन्ड-रोबिन खेलमध्ये चारवटा र फाइनल लाहोरमा हुने तय गरिएको थियो, तर अब ती सबै खेल रावलपिन्डीमा सारिएका छन् ।

एकदिवसीय शृङ्खलाका खेलहरू पहिले नै रावलपिन्डीमा भइरहेका छन् । दोस्रो खेल शुक्रबारका लागि तय गरिएको छ भने प्रारम्भिक रूपमा शनिबार हुने तय गरिएको तेस्रो खेल आइतबारका लागि सारिएको छ।

जिम्बाब्वे पनि सहभागी हुने टि-२० त्रिकोणीय शृङ्खला सोमबार सुरु हुने तय थियो । तर अब यो एक दिन ढिलो, नोभेम्बर २९ मा फाइनलसहित सुरु गरिने भएको छ ।

पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी) का अध्यक्ष मोहसिन नकवीले सामाजिक सञ्जालमार्फत श्रीलङ्का टोलीको निर्णयप्रति आभार व्यक्त गर्दै लेख्नुभयो, "पाकिस्तान भ्रमण जारी राख्ने श्रीलङ्का टोलीको निर्णय प्रशंसनीय छ । खेलकुद र एकताको भावना अझ उज्यालो रूपमा चम्किएको छ ।"

यसअघि, सन् २००९ मा लाहोरस्थित गद्दाफी स्टेडियममा टेस्ट म्याच खेल्न जाँदै गर्दा श्रीलङ्काली टोलीमाथि बन्दुकधारीहरूले हमला गर्दा छ जना खेलाडी घाइते भएका थिए । सो घटनाले पाकिस्तानलाई करिब एक दशकसम्म अन्तर्राष्ट्रिय क्रिकेट आयोजनाबाट वञ्चित बनाएको थियो ।

मङ्गलबार रावलपिन्डीमा सम्पन्न पहिलो एकदिवसीय खेलमा पाकिस्तानले श्रीलङ्कालाई छ रनले पराजित गरेको थियो । सो खेल इस्लामाबादमा भएको आत्मघाती विस्फोटको केही घण्टापछि नै भएको भए पनि निर्धारित समयमै सञ्चालन गरिएको थियो ।

आक्रमणपश्चात् श्रीलङ्काली टोली वरिपरि सुरक्षा व्यवस्था झन् कडा बनाइएको पाकिस्तान क्रिकेट बोर्डले जनाएको छ । अध्यक्ष नकवीले बुधबार इस्लामाबादस्थित होटलमा श्रीलङ्का खेलाडीहरूसँग भेट गरी थप सुरक्षा आश्वासन दिनुभएको श्रीलङ्काली अधिकारीहरूले बताएका छन् । उनीहरूका अनुसार टोलीको सुरक्षाका लागि तैनाथ गार्डहरूको सङ्ख्या दोब्बर गरिएको छ ।

## अमेरिकी करको प्रभाव घटाउन भारतद्वारा ५ अर्ब डलरको निर्यात प्रवर्द्धन योजना घोषणा

एएफपी

नयाँदिल्ली ।भारत सरकारले अमेरिकी उच्च भन्सार करको असर न्यून पार्दै आफ्ना निर्यात उद्योगहरूको प्रतिस्पर्धात्मकता वृद्धि गर्ने उद्देश्यले पाँच अर्ब अमेरिकी डलर बराबरको नयाँ आर्थिक योजना घोषणा गरेको छ ।

अमेरिकाले रुससँगको भारतको व्यापारिक सम्बन्ध, विशेषगरी रुसी तेल खरिदमा निरन्तरता दिँदै आएका कारण, नयाँदिल्लीमाथि हालै ५० प्रतिशतसम्मको आयात भन्सार शुल्क लगाएको थियो । वासिङ्टनले युद्ध र शान्तिसम्बन्धी नीतिहरूलाई व्यापारसँग जोड्दै भारतमाथि दबाब सिर्जना गरेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार जारी गर्नुभएको विज्ञप्तिमा सरकारले 'निर्यात प्रतिस्पर्धात्मकता सुधार गर्न' ' निर्यात प्रवर्द्धन मिशन (इपिएम)' लाई स्वीकृति दिएको जानकारी दिनुभयो ।करिब तीन अर्ब अमेरिकी डलरको लागतमा सञ्चालन हुने यो कार्यक्रम सन् २०३०-३१ सम्म जारी रहनेछ । यसले विगतका विभिन्न योजनाहरूलाई एकीकृत गर्दै साना तथा मध्यम उत्पादकहरूलाई सस्तो व्यापार वित्त उपलब्ध गराउने र अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड पूरा गर्न सहजीकरण गर्नेछ ।

वाणिज्य मन्त्रालयले बुधबार ढिलो राति जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हालै विश्वव्यापी रूपमा बढेका शुल्कका कारण प्रभावित भएका क्षेत्रहरूमा प्राथमिक समर्थन विस्तार गरिनेछ । यो मिशन भारतीय निर्यातमा अवरोध पुर्याउने संरचनात्मक चुनौतीहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न तयार गरिएको हो ।

# पूर्वप्रधानमन्त्री हसिनाको मानवता विरुद्धको मुद्दाको फैसला नोभेम्बर १७ मा हुने



एएफपी

ढाका । बङ्गलादेशका न्यायाधीशहरूलेफरारपूर्वप्रधानमन्त्री शेख हसिनामाथि दायर मानवता विरुद्धको अपराधसम्बन्धी मुद्दाको बहुप्रतिक्षित फैसला आगामी नोभेम्बर १७ (आगामी मङ्सिर १ गते) मा सुनाउने भएका छन् । मुख्य अभियोजक ताजुल इस्लामले बिहीबार पत्रकार हरूलाई जानकारी गराउँदै अदालतले उक्त मितिमा अन्तिम निर्णय सुनाउने तयारी गरेको बताउनुभयो ।

७८ वर्षीया शेख हसिनामाथि विद्यार्थी नेतृत्वको आन्दोलनलाई दबाउने क्रममा घातक दमन गर्ने आदेश दिएको आरोप लागेको छद। उहाँले भारतमा रहेर अदालतको उपस्थितिका लागि गरिएको आदेशको पालना गर्न अस्वीकार गर्नुभएको छ ।

"कानूनअनुसार न्याय हुनेछ", अभियोजक इस्लामले भन्नुभयो, "हामी लामो यात्रापछि अन्तिम चरणमा पुगेका छौँ, अदालतले १७ तारिखमा फैसला सुनाउनेछ ।"गत जुन १ देखि अनुपस्थित अवस्थामा सुरु गरिएको मुद्दामा अदालतले हसिनामाथि सामूहिक हत्या गर्ने आदेश दिएको आरोपमा विस्तृत गवाही सुनेको थियो । संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार सन् २०२४ को जुलाईदेखि अगस्टसम्म उहाँ सत्तामा रहँदा भएको विद्रोहका क्रममा करिब एक हजार ४०० जनाको ज्यान गएको थियो ।

अभियोजन पक्षले हत्या रोक्न असफल हुनु, सामूहिक हिंसामा संलग्नता र मानवता विरुद्धका अपराधलगायत पाँचवटा मुख्य आरोप दर्ता गरेको छ । यदि दोषी ठहर हुनुभयो भने हसिनालाई मृत्युदण्डको सजाय माग गरिएको छ ।"हामीलाई विश्वास छ कि सम्माननीय अदालतले आफ्नो विवेकका साथ न्यायपूर्ण फैसला गर्नेछ", इस्लामले भन्नुभयो, "यो निर्णयले न्यायको प्यास मेट्नेछ र मानवता विरुद्धका अपराधहरू अन्त्यतर्फको ऐतिहासिक कदम हुनेछ ।"

पूर्वप्रधानमन्त्री हसिनाले भने सबै आरोप अस्वीकार गर्दै आफ्ना विरुद्धको मुद्दालाई 'राजनीतिक प्रतिशोधको नाटक' र 'न्यायको अपमान' को संज्ञा दिनुभएको छ ।उहाँका सह-अभियुक्तहरूमा पूर्व गृहमन्त्री असदुज्जमान खान कमल र पूर्व प्रहरी प्रमुख चौधरी अब्दुल्ला अल-मामुन रहनुभएको छ । कमल हाल फरार हुनुहुन्छ भने ममुन अहिले हिरासतमा रहँदै दोषी ठहर हुनुभएको छ ।

फेब्रुअरीमा तय भएको आमनिर्वाचन नजिकिँदै जाँदा बङ्गलादेशमा राजनीतिक तनाव तीव्र बनेको छ । हसिनाको प्रतिबन्धित अवामी लिग पार्टीले बिहीबार देशव्यापी 'लकडाउन' को आह्वान गरेको थियो । अदालत परिसरमा कडा सुरक्षा व्यवस्था मिलाइएको छ, जसअन्तर्गत बख्तरबन्द सवार ।साधन र चेकपोइन्टहरू स्थापना गरिएको छ ।

यसैबीच, अन्तरिम प्रधानमन्त्री मुहम्मद युनुसको सरकारसँग सम्बन्धित भवनहरूदेखि बस र इसाई धार्मिक स्थलहरूसम्म कच्चा बम र पेट्रोल बम फ्याँकिएका घटनाहरू ढाकाभरि बढेका छन् । नोभेम्बर ११ मा पार्क गरिएको बसमा आगजनी हुँदा एकजनाको मृत्यु भएको पुष्टि भएको छ ।

यस घटनाक्रमबीच बङ्गलादेशको विदेश मन्त्रालयले बुधबार ढाकास्थित भारतका राजदूतलाई बोलाएर भारतले हसिनालाई पत्रकारहरूसँग संवाद गर्न नदिन आग्रह गरेको छ ।

"यस्तो कुख्यात भगौडालाई शरण दिनु र उहाँलाई घृणा फैलाउने मञ्च प्रदान गर्नु दुई देशबीचको मैत्रीपूर्ण रचनात्मक सम्बन्धका लागि असहज कार्य हो", बङ्गलादेशको सरकारी समाचार एजेन्सी बिएसएसले विदेश मन्त्रालयको भनाइ उद्धृत गर्दै जनाएको छ ।

# राष्ट्रपति ट्रम्पद्वारा ४३ दिनको शटडाउन अन्त्य गर्दै सरकारी कोष विधेयकमा हस्ताक्षर

एपी

वासिङ्टन । राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार राति सरकारी कोष विधेयकमा हस्ताक्षर गर्नुभएसँगै ४३ दिन लामो रेकर्ड शटडाउन अन्त्य भएको छ । शटडाउनले हजारौँ सङ्घीय कर्मचारीलाई तलबबिहीन बनाएको थियो । यस अवरोधका कारण हवाई यात्रुहरू फसेका थिए र खाद्य सहायता केन्द्रहरूमा लामो लाइनहरू लागेका थिए ।

यस सङ्कटले वासिङ्टनमा राजनीतिक ध्रुवीकरणलाई अझ गहिरो बनाएको छ । राष्ट्रपति ट्रम्पले डेमोक्रेटहरूलाई शटडाउनको जिम्मेवार ठहर गर्दै अमेरिकी जनतालाई आगामी मध्यावधि चुनावमा यो बिर्सन नहुने चेतावनी दिनुभयो ।

"जब हामी फेरि चुनावमा पुग्छौँ, डेमोक्रेटहरूले हाम्रो देशमा के गरे, त्यो नबिर्सनुहोस्", उहाँले भन्नुभयो ।सदनले पार्टी-लाइन मत २२२-२०९ ले विधेयक पारित गरेपछि राष्ट्रपति ट्रम्पको हस्ताक्षर समारोह सम्पन्न भएको हो । सिनेटले यसअघि नै विधेयक पारित गरिसकेको थियो ।

डेमोक्रेटहरूले अफोर्डेबल केयर एक्ट अन्तर्गत स्वास्थ्य बीमा खर्च घटाउने विस्तारित कर क्रेडिटलाई निरन्तरता दिन माग गरेका थिए । तर रिपब्लिकनहरूले त्यो मागलाई अर्को समयमा छलफल गर्ने विषय भन्दै अस्वीकार गरे । हाउस एप्रोप्रिएसन कमिटीका रिपब्लिकन अध्यक्ष टम कोलले 'शटडाउनले कहिल्यै पनि इच्छित परिणाम दिँदैन' भन्दै ट्रम्प प्रशासनको कदमको बचाउ गर्नुभयो ।

**लामो गतिरोधको अन्त्य**

सदनमा बहसका क्रममा दुवै पक्षले एकअर्कालाई दोष दिए । सभामुख माइक जोनसनले डेमोक्रेटहरूलाई 'पीडा सृजना गरेर राजनीतिक लाभ खोजेको' आरोप लगाउनुभयो । तर डेमोक्रेट नेता हकीम जेफ्रीजले भन्नुभयो, "यो लडाइँ समाप्त भएको छैन, हामीले भर्खरै सुरुआत गरेका छौँ ।"

शटडाउन अन्त्य गर्ने सम्झौताअनुसार सरकारले तीन वटा वार्षिक खर्च विधेयकका लागि कोष खुला गर्नेछ र बाँकी खर्च जनवरी ३० सम्म विस्तार गरिनेछ । साथै सङ्घीय कामदार हरूलाई तलब ग्यारेन्टीका साथ काममा फर्काइनेछ र आगामी जनवरीसम्म कुनै पनि नयाँ बर्खास्ती नहुने व्यवस्था गरिएको छ। विधेयकले कृषि विभागका खाद्य सहायता कार्यक्रमहरूलाई पनि बजेट वर्षभर अवरोधविना निरन्तरता दिनेछ। साथै सांसदहरूको सुरक्षा बढाउन २० करोड ३५ लाख डलर र सर्वोच्च अदालतका न्यायाधीशहरूको सुरक्षाका लागि थप दुई करोड ८० लाख डलर छुट्याइएको छ ।

॥ हार्दिक श्रद्धाञ्जली ॥



जन्मः १९८७ मृत्युः २०८२

स्व. दुर्गा देवी नायक

जनकपुर हार्डवेयर व्यवसायी संघको संस्थापक श्री ओम प्रकाश नायक (जानकी आयरण स्टोर्सका संचालक) को पुजनीय माताको २०८२/०७/१७ असयामिक निधनको खवरले मर्माहत भएका छौं। दिवंगत आत्माको चीरशान्तिको कामनागर्दे शोकाकुल परिवारजनमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौ ।

शशि कुमार गुप्ता
अध्यक्ष
जनकपुर हार्डवेयर व्यवसायी संघ, धनुष (परिवार)

# वर्षाले एक करोड ८० लाख बराबरको धानमा क्षति

त्रिवेणी । धान काटेर भित्र्याउने समयमा परेको झरीका कारण नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा रु एक करोड ८० लाख मूल्य बराबरको धानमा क्षति पुगेको छ ।

कृषि विकास कार्यालय नवलपरासी पूर्व नवलपुरका कृषि अर्थ विज्ञ सञ्जय ढकालका अनुसार हालैको वर्षाका कारण जिल्लामा करिब रु एक करोड ८० लाख मूल्य बराबरको धान बालीमा क्षति पुगेको बताउनुभयो ।

नवलपुरमा हालैको वर्षाका कारण १९० हेक्टर क्षेत्रफलमा काटेर राखिएको धान बालीमा क्षति पुगेको कृषि अर्थ विज्ञ



ढकालले बताउनुभयो । त्यसबाट ५२१ मेट्रिकटन धानमा क्षति पुगेको उहाँले बताउनुभयो ।

नवलपुरमा यो वर्ष करिब १८ हजार ३०० सय हेक्टर क्षेत्रफलमा बर्खे धानखेती गरिएको कृषि विकास कार्यालयका कृषि अर्थ विज्ञ ढकालले बताउनुभयो । अहिले धान भित्र्याउने क्रम जारी रहेको छ । जिल्लामा हालसम्म करिब ७५ प्रतिशत किसानले धान काटेर भित्र्याएका छन् । नवलपुरमा सावित्री, सावा मन्सुली, हर्दिनाथ, राम धान, हाइब्रिड तथा स्थानीय जातका धान लगाउने गरिन्छ । जिल्लामा बर्खे धानसँगै करिब एक हजार २१० हेक्टर क्षेत्रफलमा चैते धानखेतीसमेत हुँदै आएको कृषि अर्थ विज्ञ ढकालले बताउनुभयो ।

### धानको उचित मूल्य नपाएको किसानको गुनासो

नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा धानखेती गरेका किसानले सरकारले तोकेको धानको न्यूनतम मूल्य आफूहरुले नपाएको गुनासो गरेका छन् । सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि मोटो धानको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल रु तीन हजार ४६३ र मध्यम धानको रु तीन हजार ६२८ कायम गरेको छ । तर किसानहरुले उक्त मूल्य प्राप्त नगरेको गुनासो गरेका छन् ।

कावासोतीका इन्द्रलाल महतोले धानको मूल्य कम पाएको गुनासो गर्नुभयो । उहाँले सरकाले भनेकोभन्दा कम मूल्यमा धान बेच्नुपरेको गुनासो गर्नुभयो । जिल्लाका विभिन्न स्थानबाट किसानहरूले सरकारले तोकेको धानको समर्थन मूल्यभन्दा कममा धान बिक्री गर्नुपरेको गुनासो आफूहरुलाई गरेको कृषि विकास कार्यालय नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो ।

नवलपुरमा व्यापारीहरूले धान प्रति क्विन्टल रु दुई हजार ८०० देखि रु तीन हजार १०० भन्दा बढी मूल्य नदिएको कृषकबाट गुनासो आएको कार्यालय प्रमुख तिवारीले बताउनुभयो । उहाँले व्यापारीहरूलाई तोकिएकै न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न अनुरोध गर्नुभएको छ ।रासस

# कागतीका बोट मर्न थालेपछि किसान चिन्तित

ढोरपाटन ।जरा कुहिने रोगले धमाधम कागतीका बोट मर्न थालेपछि बागलुङका किसान चिन्तित भएका छन् । तीन महिला अगाडिदेखि कागतीका बोट सुकेर मर्न थालेपछि किसान चिन्तित बनेका हुन् । सयौँ किसानका हजारौँ बोट कागती मर्दा लाखौँको क्षति हुन थालेको छ । सुरुमा बोट पहैँलो हुने र एक महिनामा सबै सुक्ने समस्या रहेको छ ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सन्तोष अधिकारीले किसानको गुनासो आएपछि बारीमै पुगेर अध्ययन गर्दा जरा सुक्ने रोगले कागती मरिरहेको बताउनुभयो । अहिले बोटमा लटरम्म फल रहेको हुँदा उपचार गर्न नसकिने भन्दै फल टिपेर सकेपछि जरा खनेर उपचार गरिने उहाँको भनाइ छ । फल नदिएका बोटको भने उपचार हुने अधिकारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "कागतीका बोट सुक्न थालेपछि धेरै ठाउँका किसानले हामीलाई फोन गरेर गुनासो गर्नुभयो, उहाँहरुको गुनासो आएपछि बारीमै पुगेर अध्ययन गर्दा जरा सुक्ने रोगले यो समस्या आएको पत्ता लगायौँ, यसका उपचारका विधि छन्, फल भएको बोटमा अहिले उपचार गर्न मिल्दैन, फल टिपेर सकेपछि जराको माटो खनेर उपचार गर्नुपर्छ, यो रोगले धेरै क्षति पुऱ्याएको छ ।"

निसीखोला गाउँपालिका-४ का किसान चक्रबहादुर रोकाले बारीमा लगाएका अधिकांश बोट मर्न थालेको बताउनुभयो । टिप्ने बेलाको कागतीका दाना खस्नाका साथै बोट नै मरेको उहाँको भनाइ छ । अघिल्लो वर्ष लगाएका बिरुवासमेत मर्न थालेको रोकाले बताउनुभयो । गाउँको पाखो जमिनलाई सदुपयोग गरी व्यावसायिक रुपमा कागतीखेती सुरु गरेका मगरलाई बोट मर्दा लाखौँको क्षति हुने चिन्ता छ ।

"बारीमा भएका कागतीका कुनै पनि बोट बाँकी छैनन्, सबै सुकेर मर्न लागेका छन्, कोहीका हाँगा सुकेका छन्, कोहीको पूरै बोट नै सुकेको छ, कृषि प्राविधिकलाई समस्याका बारेमा जानकारी त गराएका छौँ तर समाधान भएको छैन, बारीमा पुराना कागतीका रूख थिए, सुरुमा ती रूखका हाँगा मर्न थाले र पछि साना



बोटमा पनि यो समस्या देखियो ।"

स्थानीय तमबहादुर खत्रीले १२० बोटमध्ये ९० भन्दा बढी बोटमा रोग देखिएको बताउनुभयो । आफूले सुक्न थालेका सबै बोटका हाँगा काट्न सुरु गरेको उहाँको भनाइ छ । अघिल्लो वर्ष पनि धुलोको प्रकोपले धेरै बोट कागती मरेको खत्रीले बताउनुभयो । गाउँका सबै किसानको कागती बगानमा यो रोग देखिएको छ । जिल्लामा हाल ७९७ हेक्टर क्षेत्रफलमा कागतीजन्य फलफूलखेती हुँदै आएको छ । पछिल्लो समय कागतीखेतीतर्फ किसानको आकर्षण बढ्दै गएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

### कागतीखेतीबाट तीन महिनामा नौ लाख आम्दानी

कृषि कर्ममा लाग्ने हो भने रोजगारीका लागि विदेशै ताक्नु पर्दैन भन्ने यहाँका एक कृषकले उदाहरण दिनुभएको छ । पोखरा महानगरपालिका-३१ खनास्वाराका टुकाराम लामिछाने कागतीखेतीबाट तीन महिनामा झण्डै रु नौ लाख आम्दानी गरेर सबैका लागि अनुकरणीय बन्नुभएको हो ।

एलसी अर्गानिक कृषि फर्म दर्ता गरेर आठ वर्षअघि भिरालो २६ रोपनी जग्गामा लगाएका ५०० सोना जातका कागतीका बिरुवाले चार वर्षको अवधिदेखि निरन्तर उत्पादन दिन थालेको र यस वर्षको भदौ, असोज र कात्तिकमा मात्र कागती बिक्रीबाट रु नौ लाख आम्दानी गरेको कृषक लामिछानेले जानकारी दिनुभयो ।

कृषि ज्ञान केन्द्र स्याङ्जाबाट उपलब्ध गराइएका २०० ठूलो लेमनका बिरुवाले राम्रो उत्पादन दिए पनि बजारमा बिक्री नभएपछि सबै बोट हटाएर सो स्थानमा सोना जातका बिरुवा रोपेको बताउँदै उहाँले भन्नुभयो, "उत्पादन भएको कागती बिक्री हुँदैन कि भन्नु पर्दैन, यतिखेर बजारमा कागती प्रतिकिलो रु २०० देखि २५० का दरले बिक्री हुने गरेको छ ।"

उमेरले ६५ काटेका कृषक लामिछाने परम्परागत खेती प्रणाली अपनाउँदा बाँदर र अन्य जङ्गली जनावरले नष्ट गर्न थालेपछि विकल्पका रुपमा सुरु गरेको व्यावसायिक कागतीखेती पछिल्लो समय मुख्य आम्दानीको श्रोत बनेको बताउनुहुन्छ ।

बेगनासतालको जलाधार क्षेत्रमा पर्ने सो स्थानमा लिफ्टिङ प्रविधिमार्फत सिँचाइको राम्रो प्रबन्ध मिलाइएका कारण कागतीका बोटमा बाह्रै महिना फल लाग्ने गरेको बताउँदै उहाँले वार्षिकरुपमा रु १५ लाखभन्दा बढी आम्दानी हुने गरेको जानकारी दिनुभयो ।

कागतीको एउटै बोटमा वर्षमा एक क्वीन्टलसम्म फल्ने गरेकामा खुशी व्यक्त गर्दै उहाँले भन्नुभयो "यो तीन महिनाको अवधिमा दैनिक ४० देखि ५० किलो उत्पादन भएको थियो, कागतीको बोटमा कुनै पनि विषाधि प्रयोग गर्नुपरेको छैन, बजारमा अर्गानिक उत्पादनको महत्व बढेको छ ।"

पछिल्लो समय तातोपानी, चिया र खानामा कागतीको अत्याधिक प्रयोग हुने हुँदा बजारमा माग बढेको छ । कास्कीमै पहिलो व्यावसायिक कागतीखेती सुरु गरेको दाबी गर्ने लामिछानेले भन्नुभयो, "राज्यकातर्फबाट कृषकलाई आवश्यक सहयोग गरेर प्रेरित गर्ने हो भने कागतीलगायत तरकारीमा आत्मनिर्भर बन्न सकिन्छ ।"

कागती अन्तरबालीका रुपमा तरुल, अकबरे खुर्सानी, टिमुर, अमला, ओल, एभोकाडो, अम्बा, सुन्तला, ज्यामिर, निबुवा, ठूलो बयर, रातो केरा, मेकानियानट जस्ता विभिन्न जातका फलफुलका बोटबिरुवा फष्टाएका छन् । परिक्षणका लागि लगाएको एउटा स्याउको बोटमा ५०-६० वटा फल लागेको भए पनि सबै बाँदरले खाएको उहाँले बताउनुभयो ।

"यदी सरकारले किसानको फर्मबाट नै उत्पादित कागतीलगायत कृषिजन्य उत्पादन खरिद गर्ने व्यवस्था गरिदिए कृषक अझ बढी उत्साहित हुने थिए", कृषक लामिछानेले भन्नुभयो, "उत्पादित कागती पोखराका बजारमा सञ्चालित रेष्टुरेन्ट तथा तरकारी पसलमा बिक्री गर्ने गरेको छु, कागती पुऱ्याउने र पैसा उठाउने समय फर्ममा लगाउन पाउने हो भने आम्दानी निश्चितरुपमा बढ्ने थियो ।"

कागतीको बोटबाट टिपेको फल बजारमा बिक्री गर्ने र पाकेर झरेका फल सङ्कलन गरेर पेलेर अमिलो उत्पादन गरेर बिक्री गरेर थप आम्दानी गर्दै आएको जनाउँदै उहाँले गतसाल ४८ माना अमिलो बिक्रीबाट रु ७२ हजार आम्दानी गरेको उहाँले बताउनुभयो । उहाँले पकाएको अमिलो प्रतिमाना रु एक हजार ५०० र काचो रस प्रतिमाना रु ५०० का दरले बिक्री गर्दै आउनुभएको छ ।

साथै उहाँले अमिलो बनाएर निस्केको कागतीको छोक्रा, वनमारा, असुरो, भेली लगायतका विभिन्न बनस्पति सङ्कलन गरेर दुई हजार लिटरको हिल ट्याङ्कीमा जैविक मल उत्पादन गर्नुभएको छ । उत्पादिन मल पाइपमार्फत प्रत्येक बोटमा राख्ने व्यवस्थासमेत मिलाइएको उहाँको भनाइ छ ।

मुलुकमा वन क्षेत्रको विस्तारसँगै बाँदर र जङ्गली जनावरको आतङ्कले धेरै किसान खेतीबारी छाड्न बाध्य भएको वर्तमान अवस्थामा लामिछानेको कागतीखेतीले नयाँ सम्भावना र प्रेरणा दिएको पोखरा महानगरको कृषि महाशाखा प्रमुख मनोहर कडरिया बताउनुहुन्छ । रासस

# स्काइडाइभिङका लागि पोखरा रोज्दै पर्यटक

गण्डकी । पोखराको पर्यटन तालतलैया, डाँडाकाँडा र हिमालमा मात्र सीमित छैन । यहाँको पर्यटनको हिस्सा संस्कृति र साहसिकता पनि हो । 'नेचर, कल्चर र एडेभन्चर'लाई पोखरा मात्र नभएर नेपालकै पर्यटन विकासको मूल आधारसमेत मानिन्छ । प्रकृति र संस्कृतिले सजिएको पोखरा साहसिक पर्यटन गन्तव्यका रुपमा पनि परिचित छ ।

प्याराग्लाइडिङदेखि हट एयर बेलुनसम्म, अल्ट्रालाइटदेखि स्काइडाइभिङसम्मका साहसिक खेल गतिविधिले पोखराको पर्यटनमा बेग्लै आकर्षण थपेका छन् । बर्सेनि ठूलो संख्यामा देशीविदेशी पर्यटक साहसिक र रोमाञ्चक खेलको अनुभव बटुल्न पोखरा आउँछन् । एरियल स्पोटर्स विधामा पर्ने स्काइडाइभिङ यतिबेला पोखरामा सञ्चालन भइरहेको छ ।

विसं २०६७ मा पोखरामा पहिलोपटक परीक्षण उडान गरिएको स्काइडाइभिङ त्यसयता वर्षको एक/दुई याममा आयोजना हुँदै आएको छ । विशेष गरी असोज/कात्तिक र चैत/वैशाखको पर्यटकीय याममा स्काइडाइभिङका लागि आउनेको सङ्ख्या बढी हुन्छ । यस याममा यही नोभेम्बर १ देखि सुरु भएको स्काइडाइभिङ शनिबारसम्म सञ्चालन हुनेछ ।

हेलिकप्टर सेवा प्रदायक सिम्रिक एयरसँग मिलेर इनस्काइ स्काइडाइभ कम्पनीले पोखरामा स्काइडाइभिङ गराइरहेको हो । पोखरा महानगरपालिका-२३ पामे, लौराकमा रहेको एभिया क्लबको हवाई खेलकुद अभ्यास मैदानमा स्काइडाइभिङ भइरहेको कम्पनीका सञ्चालक निर्मल पाण्डेले जानकारी दिनुभयो । पोखराको पुरानो विमास्थलबाट गएको हेलिकप्टर लौराकबाट १३ हजार फिटको उचाइमा पुगेपछि प्रशिक्षकहरुले पर्यटकलाई स्काइडाइभिङ गराउने गरेका छन् ।

उहाँका अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणले हेलिकप्टर कम्पनीलाई एकपटकमा जम्मा १५ दिनका लागि मात्र स्काइडाइभिङको



अनुमति दिँदै आएको छ । "यो अवधिमा ५२ विदेशी र नेपालीले स्काइडाइभिङ गर्दै हुनुहुन्छ", पाण्डेले भन्नुभयो, "स्काइडाइभिङका लागि १२ रसियन स्पोर्टस् जम्पर्स पोखरा आउँदैछन्, यसलाई नियमित रुपमा चलाउन सके धेरै विदेशी पर्यटकलाई पोखरामा ल्याउन सकिन्छ ।"

प्राधिकरणले स्काइडाइभिङका लागि पटके रुपमा नभई नियमित सञ्चालनको अनुमति दिएमा नेपालको पर्यटन क्षेत्रले ठूलो लाभ लिने उहाँले बताउनुभयो । स्काइडाइभिङ कम्पनीहरुले मनोरञ्जनात्मक उड्डयन सञ्चालन प्रमाणपत्र 'आरएओसी' दिन प्राधिकरणसँग माग गर्दै आएको पाण्डेले बताउनुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मनोरञ्जनात्मक उड्डयन सेवा सञ्चालनका लागि इजाजतपत्र दिए पनि प्राधिकरणबाट 'आरएओसी' नपाएका कारण कम्पनीहरुले आफै स्काइडाइभिङ सञ्चालन गर्न सकेका छैनन् । कम्पनीहरुले हेलिकप्टर कम्पनीसँग छुट्टै सम्झौता गरी स्काइडाइभिङ गराउँदै आएका छन् ।

"एक पटकमा १५ दिनलाई मात्र अनुमति दिँदा स्काइडाइभिङको बजार प्रवर्द्धन र दिगो व्यवस्थापनमा चुनौती छ, अनुमति लिने प्रक्रिया पनि लामो र झञ्झटिलो भएकाले समस्या भइरहेको छ", सञ्चालक पाण्डेले भन्नुभयो, "प्राधिकरणले 'आरएओसी' दिएमा कम्पनीहरु स्काइडाइभिङमा लगानी गर्न तयार छन्, यसबाट राज्यको आम्दानी पनि बढ्छ, रोजगारी पनि सिर्जना हुन्छ ।"

अहिले तालिमप्राप्त र अनुभवी नेपाली प्रशिक्षकबाटै स्काइडाइभिङ गराइएको उहाँको भनाइ छ । केही वर्ष अघिसम्म पोखरामा विदेशीले मात्र स्काइडाइभिङ गराउँथे । नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले पोखरा स्काइडाइभिङका लागि उपयुक्त गन्तव्य रहेको बताउनुभयो ।

"पोखरा र सगरमाथा क्षेत्रको स्याङबोचेलाई स्काइडाइभिङको गन्तव्यस्थल बनाउने गरी तयारी भइरहेको छ", उहाँले भन्नुभयो, "पटक-पटक गरिएको स्काइडाइभिङको सफल उडान र अवतरणले पनि यी दुवै ठाउँको सम्भाव्यता उजागर गरेको छ ।"

प्राधिकरणले तोकेको मापदण्ड पूरा गर्ने स्काइडाइभिङ कम्पनीलाई मनोरञ्जनात्मक उड्डयन सञ्चालन प्रमाणपत्र 'आरएओसी' दिने प्रक्रिया अगाडि बढाइएको सूचना अधिकारी भुलले बताउनुभयो । "केही कम्पनीहरु सम्पर्कमा आइरहनुभएको छ, सकेसम्म यही आर्थिक वर्षदेखि नभए अर्को वर्षदेखि 'आरएओसी' दिन्छौँ", उहाँले भन्नुभयो, "मनोरञ्जनात्मक उड्डयन सञ्चालन प्रमाणपत्र पाउने कम्पनीले जुनसुकै समयमा स्काइडाइभिङ गराउन पाउँछन्, अहिले जस्तो पटके अनुमतिपत्र लिनुपर्ने अवस्था रहँदैन ।"

उक्त सञ्चालन प्रमाणपत्र लिन स्काइडाइभिङ कम्पनीहरुसँग आफ्नै वायुयान (हेलिकप्टर/जहाज) हुनुहुर्ने नत्र हेलिकप्टर सेवा प्रदायकसँगको पाँच वर्षे सम्झौता चाहिने सूचना अधिकारीले भुलले बताउनुभयो । स्काइडाइभिङ गराउन चाहने कम्पनीका लागि छुट्टै आधारस्थल र एयर स्पेस पनि निर्धारण हुनुपर्ने उहाँको भनाइ छ । "स्थलगत प्राविधिक अध्ययनपछि मापदण्ड पूरा गर्ने कम्पनीलाई मात्र 'आरएओसी' दिन्छौँ", उहाँले भन्नुभयो, "कम्पनीहरुसँग स्काइडाइभिङ गराउने आफ्नै प्रशिक्षकसमेत हुनुपर्ने प्रावधान छ ।"


इनस्काइ स्काइडाइभ कम्पनीका सञ्चालक पाण्डेले आफ्नो कम्पनीमार्फत अहिले नेपाली प्रशिक्षकले नै स्काइडाइभिङ गराइरहेको बताउनुभयो । चीन, थाइल्याण्ड र दुबईमा तालिम लिनुभएका अनुभवी प्रशिक्षक एलिस थापाले पोखरामा अहिले तीन प्याकेजमा स्काइडाइभिङ गराउँदै आएको बताउनुभयो । नेपालीका लागि डिलक्स प्याकेजको मूल्य रु ९५ हजार छ । भिआइपी प्योकजको रु एक लाख १५ हजार र डायमण्ड प्याकेजका लागि रु एक लाख ५० हजार तोकिएको छ ।

विदेशीका लागि क्रमशः ७५०, ९०० र एक हजार २०० डलर कायम गरिएको प्रशिक्षक थापाले बताउनुभयो । उहाँसहित सुवास थापा, मनिष हिराचन र नेपालको पहिलो महिला स्काइडाइभर यसोदा केसी थापाले पोखरामा स्काइडाइभिङ गराउँदै आउनुभएको । "तालिमप्राप्त र अनुभवी विदेशी नागरिकहरु एकल (सोलो) स्काइडाइभिङका लागि पोखरा आउन रुचाउँछन्, पछिल्लो समय नेपालीहरुमा पनि स्काइडाइभिङको आकर्षण बढेको छ", प्रशिक्षक थापाले भन्नुभयो, "अधिकांश पाइलटसहित (टेण्डम) उडान गर्नेहरु हुन्छन् ।"

तेह्र हजार फिटमाथि रहेको हेलिकप्टरबाट हाम फालेर प्यारासुटको सहायतामा अवतरण गर्ने गरिएको उहाँले बताउनुभयो । हेलिकप्टरबाट हाम फालेको ५० सेकेन्डपछि प्यारासुट खुल्ने र त्यसपछि सातदेखि आठ मिनेटसम्म आकाशमा उडान हुने उहाँको भनाइ छ । "स्काइडाइभिङ गर्ने साहसिक पर्यटकलाई पोखराका हिमाल र प्राकृतिक सौन्दर्यले लोभ्याउने गर्छ, उडानका बेला उनीहरु धेरै रोमाञ्चक बन्छन्", प्रशिक्षक थापाले भन्नुभयो, "पोखरामा स्काइडाइभिङ गर्ने जोकोहीलाई जीवनकै अभूतपूर्व क्षणको अनुभव हुन्छ ।"

उहाँले स्काइडाइभिङलाई नेपालमा व्यावसायिक रुपमा अगाडि बढाउने सोचले आफूले विदेशमा गएर तालिम हासिल गरेको बताउनुभयो । "पोखरालाई स्काइडाइभिङलगायत साहसिक खेलको केन्द्र बनाउन सकिन्छ, यसले रोजगारी सिर्जनादेखि देशको अर्थतन्त्रमा पनि ठूलो मद्दत पुग्छ", प्रशिक्षक थापाले भन्नुभयो, "नागरिक उड्डयन प्राधिकरणले छिट्टै कम्पीहरुलाई 'आरएओसी' दिएर स्काइडाइभिङलाई नियमत सञ्चानल गर्ने वातावरण बन्नेमा हामी आशावादी छौं ।"रासस

# कुरौनीबाट आत्मनिर्भर



नारायणगढ । नारायणी नदी किनारमा जारी खेलकुद तथा बृहत व्यापारिक महोत्सवमा यतिबेला नवलपुरको कावासोतीका रेशमराज पोखरेललाई तात्तातो कुरौनी बेच्न भ्याइनभ्याइ छ । उहाँ मात्र होइन, उहाँकी श्रीमती र केही कामदार पनि उत्तिकै व्यस्त छन् । पोखरेलले महोत्सवको एक स्टलमार्फत कुरौनी, खिर, आइसक्रिम, मोही, पनिर र च्याउको पकौडाको स्वाद महोत्सव अवलोकन गर्न आएका हजारौँ दर्शक तथा ग्राहकलाई चखाइसक्नुभएको छ ।

नवलपुरकोकावासोतीनिवासी पोखरेलले मेला-महोत्सवमा कुरौनीलगायतका परिकार बिक्री गर्न थालेको १८ वर्ष भएको बताउनुभयो । उहाँका अनुसार सुरुमा आइसक्रिम मात्र बिक्री गर्ने उद्देश्यले व्यवसाय सुरु गरिएको थियो । तर, जाडोयाममा आइसक्रिमको माग घट्ने र कुरौनीको माग बढ्ने देखिएपछि उहाँले कुरौनीलाई नै मुख्य व्यवसायका रूपमा अघि बढाउनुभएको हो ।

उहाँले भन्नुभयो, "मेला र महोत्सवमा कुरौनीको बिक्री बढी हुन्छ, घरको पसलमा त्यति हुँदैन ।" सुरुवाती समयमा उहाँले हातले घोटेर कुरौनी बनाउनुहुन्थ्यो भने हाल मेसिन प्रयोग गर्न थाल्नुभएको छ । उहाँले भन्नुभयो, "मेसिन आएपछि धेरै सजिलो भएको छ, आफैं घुम्ने मेसिनले दूध घोट्छ, तर त्यसको प्रयोगमा सीप र सावधानी आवश्यक हुन्छ ।" कुरौनीमा चिनी अत्यन्तै थोरै मात्र प्रयोग गरिने उहाँको भनाइ छ । उहाँका अनुसार दूध मात्र हुँदा स्वाद अलि नुनिलो हुने भएकाले थोरै चिनी हालिन्छ । "हामीले बिस्कुट, पाउरोटी वा अन्य कुनै वस्तु मिसाउने गरेका छैनौं", उहाँले स्पष्ट पार्नुभयो ।

पोखरेलका अनुसार कुरौनीका मुख्य ग्राहक उमेर पुगेका व्यक्ति हुन् । "केटाकेटीहरूले खासै चिन्दैनन्", उहाँले भन्नुभयो । दूधको आपूर्ति उहाँले भरतपुरस्थित अन्नपूर्ण डेरीसँग सम्झौतामा गरेर गर्दै आउनुभएको छ । उहाँले भन्नुभयो, "एकै स्थानबाट दूध ल्याउँदा गुणस्तरमा एकरूपता रहन्छ, हाल म महोत्सवका लागि मात्र दैनिक करिब १०० लिटर दूध ल्याउँछु, आवश्यकताअनुसार थप पनि गर्छु ।"

पोखरेलका अनुसार कुरौनी पुरानो परिकार हो, जुन परम्परागत रूपमा विवाहपछिको कोसेली वा पहिलो दसैंमा टीका थाप्न लैजाने मिष्ठान्नका रूपमा प्रचलित रहँदै आएको छ । उहाँले विवाह, चाडपर्व तथा कोसेलीका लागि अहिले पनि कुरौनीको अर्डर आउने बताउनुभयो । उहाँले स्मरण गर्नुभयो, "जाडो यामको महोत्सवमा आइसक्रिम बिक्री गर्दा चितवन टाँडीका एक व्यापारी (गौतम दाई)ले कुरौनी बेचिरहेको देखेँ, त्यसपछि मैले पनि सिकेर सुरु गरेँ, जाडोमा आइसक्रिमभन्दा कुरौनीको माग धेरै थियो ।"

हाल उहाँले दैनिक करिब ५० किलो कुरौनी बिक्री गर्दै आउनुभएको छ । एक किलो कुरौनीको खुद्रा मूल्य रु एक हजार रहेको उहाँले बताउनुभयो । उहाँका अनुसार आठ लिटर दूधबाट एकदेखि डेढ किलोसम्म कुरौनी तयार हुने र भैंसीको बाक्लो दूध प्रयोग गर्दा दुई किलोसम्म पनि बस्ने बताउनुभयो ।

पोखरेलले भन्नुभयो, "हालका पुस्ताले कुरौनी नचिनेका हुन्, कतिपयलाई त दूध कहाँबाट आउँछ भन्ने पनि थाहा छैन । कुरौनी पौष्टिक र शुद्ध परिकार भएकाले यसको प्रवर्द्धन गर्न आवश्यक छ ।" उहाँका अनुसार यो परिकारलाई आधुनिक प्याकेजिङ र ब्रान्डिङ गरेर बजारमा ल्याउन सके युवापुस्तामाझ पनि लोकप्रिय बनाउन सकिनेछ ।

कुरौनी बिक्रीमै आत्मनिर्भर बनेका पोखरेलले यही व्यवसायबाट परिवारको जीविका सञ्चालन गर्दै केही सम्पत्तिसमेत जोड्नुभएको छ । उहाँका अनुसार यस पेशाबाट वार्षिक करिब रु आठदेखि दश लाखसम्म बचत गर्न सकिन्छ । उहाँले भन्नुभयो, "यो धेरै आम्दानी हुने पेशा होइन, तर मन लगाएर परिश्रम गरे सजिलो हुन्छ, जाँगर र सीप चाहिन्छ ।"

उहाँका अनुसार नेपालमै केही गर्न चाहने युवाले पनि उपयुक्त स्थान छनोट गरी प्रविधिक सीपको प्रयोगबाट यो पेशा अगाल्न सक्छन् । उहाँले भन्नुभयो, "मेला-महोत्सव र बजार क्षेत्र यो व्यवसायका लागि उपयुक्त स्थान हुन्, तर ग्राहकलाई सन्तुष्ट पार्ने खालको स्वाद दिन सक्नुपर्छ ।रासस

# मुख्यमन्त्री यादवको असंवैधानिक नियुक्तिविरुद्ध प्रदर्शन

टुडे समाचारदाता

रौतहट । मुख्यमन्त्री सरोजकुमार यादवको असंवैधानिक नियुक्तिको विरोधमा रौतहटको गौरमा सातदलीय गठबन्धनले बिहीबार पनि संयुक्त रूपमा विरोध प्रदर्शन गरेको छ।




गौरमा बिहीबार घण्टाघर नजिक बिपी चौकमा आयोजित विरोध कार्यक्रममा सहभागीहरूले "असंवैधानिक मुख्यमन्त्री राजीनामा दे", "संविधानको धज्जी उडाउने एमाले मुर्दावाद" लगायतका नाराबाजी गर्दै शक्ति प्रदर्शन गरेका थिए।

नेताहरूले प्रदेश प्रमुख सुमित्रा भण्डारीले संविधानको धारा १६८ को उपधारा (३) को गलत व्याख्या गर्दै एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई असंवैधानिक रूपमा मुख्यमन्त्री नियुक्त गरेको आरोप लगाएका छन्। उनीहरूले "मध्यराति होटेलमा शपथग्रहण गराउने जस्ता कार्यहरूले लोकतन्त्रको अपमान गरेको" भन्दै उक्त निर्णय तुरुन्त खारेज गर्न माग गरे। प्रदर्शनमा नेपाली कांग्रेस रौतहटका जिल्ला सभापति सुनिल यादव, लोसपाका उपाध्यक्ष बाबुलाल साह, सहमहामन्त्री अनिल सिंह, मधेश प्रदेश सचिव ओम लोक पटेल, बामपन्थी नेता रेवन्त झा, नेकपा (माओवादी केन्द्र) गौर नगर अध्यक्ष चन्देश्वर राउत, कांग्रेस क्षेत्र नं. १ अध्यक्ष श्रीराम यादव, गौर नगर अध्यक्ष मोहन यादव, जनमत पार्टीका रौतहट इन्चार्ज शेख जमसैद, जसपाका नेता तथा पूर्व राज्यमन्त्री योगेन्द्र यादव, र गौर नगरकी पूर्व उपप्रमुख किरण ठाकुर लगायतका नेताहरूको उल्लेखनीय उपस्थिति थियो।

संयुक्त वक्तव्यमार्फत नेताहरूले "संविधानको रक्षा र लोकतान्त्रिक मूल्यको सम्मानका लागि सडकदेखि सदनसम्म संघर्ष जारी रहने" चेतावनी दिएका छन्।

सातवटै दलका नेता तथा कार्यकर्ताको ठूलो सहभागितासँगै गौरको घण्टाघर क्षेत्र दुई दिनदेखि राजनीतिक केन्द्रबिन्दु बनेको छ।

# 'कोठामा बसेर मधेशको मुख्यमन्त्री बनाउनु दुःखद'

**एमाले मधेश प्रदेश सांसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री बनेको थाहा पाएपछि प्रमुख सचेतक महतोले आपत्ति जनाउँदा एमाले पार्टी भित्र आन्तरिक भाडभैँलो भएको उनको कथन छ ।**

टुडे समाचारदाता

मलंगवा । नेकपा एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले कोठामा बसेर मधेश प्रदेशको मुख्यमन्त्री बनाउनु दुःखद रहेको बताएका छन् । उनले मधेश प्रदेशको पछिल्लो राजनीतिक घटना क्रमको विषयमा चिन्ता व्यक्तसमेत गरे।

मलंगवामा बिहीबार प्रेस चौतारी सर्लाहीले आयोजना गरेको पत्रकार सम्मेलनमा पूर्वअर्थमन्त्रीसमेत रहेका उपाध्यक्ष पाण्डेले मधेश प्रदेशको पछिल्लो घटनाको विषयमा एमाले विभाजित भएको बताए । अहिले एमालेमा दुईवटा गुट सक्रिय भएको उनले स्पष्ट पारे । उपाध्यक्ष पाण्डेले भने, 'एक पक्षले मुख्यमन्त्री बनाएको छ भने अर्को तर्फ प्रमुख सचेतक हरिनारायण महतोले आपत्ति जनाएका छन्। एमाले मधेश प्रदेश सांसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री बनेको थाहा पाएपछि प्रमुख सचेतक महतोले आपत्ति जनाउँदा एमाले पार्टी भित्र आन्तरिक भाडभैँलो भएको उनको कथन छ।



अहिले मधेशमा मुख्यमन्त्री नियुक्त भए पनि काम गर्ने वातावरण नै नहुनु दुःखद रहेको उनले बताए।

मुख्यमन्त्री नियुक्ति प्रक्रियामा भएको त्रुटिलाई तत्काल सच्याइनु पर्ने उपाध्यक्ष पाण्डेले बताए । अर्को प्रसंगमा उनले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीको सदस्यता दिनुपर्ने बताए।

आफ्नै मान्छेलाई पार्टीको सदस्यता नदिनु समाजमा गलत सन्देश प्रवाह भएको उनको भनाइ छ । त्यस्तै एमालेका सचिव योगेश भट्टराईले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुने बताए। पार्टीको महाधिवेशनबाट जेन- जी पुस्तालाई समेत नेतृत्वदायी पदमा समावेश गरी पार्टी निर्वाचनमा सहभागी हुने उनले स्पष्ट पारे।

नेकपा एमाले सर्लाही जिल्लाका अध्यक्ष राजनारायण साहको आमाको १३ औं दिनको पुण्यतिथिमा सहभागी हुन सर्लाही आएका थिए।

# प्रदेश प्रमुख सुरेन्द्र लाभद्वारा पदभार ग्रहण



टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले पदभार ग्रहण गरेका छन्। मधेश प्रदेशका प्रदेश प्रमुख पदको शपथ ग्रहण गरेको दुई दिनपछि डा. लाभले बिहीबार प्रदेश प्रमुखको पदभार ग्रहण गरेका छन्।

जनकपुरधामस्थित मधेश भवनमा रहेको प्रदेश प्रमुखको कार्यालयमा डा. लाभलाई महिला प्रदेश सांसदले स्वागतसमते गरेका थिए।

पदभार ग्रहण गर्दै प्रदेश प्रमुख डा. लाभले आफूलाई सीताको भूमिमा सीताहरुले नै स्वागत गरेको देख्दा अत्यन्तै खुशी लागेको बताए। उनले प्रदेशमा मुख्यमन्त्री नियुक्तिविरुद्ध भइरहेको आन्दोलन तथा मुख्यमन्त्री नियुक्तिलाई लिएर सर्वोच्चमा रहेको रिट तर्फ इंगित गर्दै भने 'अहिले यो मुद्दा अदालतमा गएको छ, त्यसैले हामी सबै अदालतको आदेशको प्रतिक्षा गर्नुपर्ने हुन्छ।' अदालतको आदेशले सबैलाई न्याय दिलाउने विश्वास व्यक्त गरे।

प्रदेश प्रमुख डा. लाभले आफू पहिले देखि नै प्रदेश र देशको राजनीतिलाई लिएर साकांश रहँदै आएको हुँदा सबैसंग मिलेर अगाडि बढ्ने बताए।

# ७ दलीय गठबन्धनको आन्दोलन पाँचौं दिन पनि जारी

टुडे समाचारदाता

जनकपुरधाम। मुख्यमन्त्री नियुक्तिमा असन्तुट रहेका मधेश प्रदेशका ७ दलीय गठबन्धनको आन्दोलन बिहीवार पाँचौं दिन पनि जारी रहयो। तात्कालिन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले असंवैधानिक र गैरलोकतान्त्रिक प्रक्रियाले एमालेका नेता सरोज यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरेको भन्दै ७ दलीय गठबन्धन कीत्तक २३ गतेदेखि नै आन्दोलनमा रहेका छन्।



गठबन्धनमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, कांग्रेस, जसपा नेपाल, नेकपा माओवादी केन्द्र र नेकपा एस लगायतका दलहरु सो मुख्यमन्त्रीको नियुक्ति बदर गरी संविधानको धारा १६८ (२) बमोजिम नयाँ मुख्यमन्त्री नियुक्त गर्न माग गर्दै मधेश भवन अगाडि सडकमा धर्नामा बसेका हुन्।

गठबन्धनका नेताहरूले मुख्यमन्त्री नियुक्तिविरुद्ध दायर गरिएको रिटमा आइतवार सर्वोच्च अदालतको पूर्ण फैसला आएसम्म यो आन्दोलन जारी रहने जनाएको छ । हुनत यसअघि सर्वोच्चले मुख्यमन्त्री यादवलाई दिर्घकालिन नितीगत काम नगर्न अन्तरिम आदेश दिइसकेका छन्।

निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनलले २२ गते राजीनामा दिएपछि प्रदेश प्रमुख भण्डारीले यादवलाई २३ गते संविधानको धारा १६८ (३) बमोजिम ठूला दलको आधारमा मुख्यमन्त्रीमा नियुक्त गरी २४ गते एकाबिहानै महोत्तरीको बर्दिबासस्थित एक बार रेष्टुरेन्टमा शपथ ग्रहण गराएका थिए। सो घटनालाई लिएर प्रदेश प्रमुखलाई नेपाल सरकारले बर्खास्त पनि गरिसकेको छ।

# शनिबार हरिहरक्षेत्र-मिथिला चौरासी कोष परिक्रमा टोली आउँदै



टुडे समाचारदाता

जनकपुरधाम । कार्तिक २९ गतेदेखि पहिलो पटक पाँच दिवसीय हरिहर क्षेत्र–मिथिला चौरासी कोष संकिर्तन परिक्रमा आयोजना हुन लागेको छ।

भारतको बिहारको हाजीपुर स्थित हरिहर क्षेत्रबाट शुरु हुने सो हरिहर क्षेत्र मिथिला चौरासी कोष संकिर्तन परिक्रमा सोही दिन जनकपुरधाम आइपुग्नेछ। शनिबार दिउँसो दुई बजे भिठ्ठामोड आइपुग्नेछ । त्यहाँबाट जानकी मन्दिरको अगुवाइमा साधुसन्तहरुको टोलीले उनलाई स्वागत गर्दै जनकपुरधाम ल्याउनेछ।

परिक्रमामा सहभागीलाई जानकी मन्दिर तथा नागरिक समाजद्वारा भव्य स्वागत गरी नगरदर्शन गराउने लगायतका कार्यक्रमहरु रहेको जानकी मन्दिरका उतराधिकारी महन्थ रामरोशन दास वैष्णवले जनाएका छन्।

उनका अनुसार नगर दर्शनपछि साँझपख दीप प्रज्वलन, सांस्कृतिक कार्यक्रम लगायतका विभिन्न कार्यक्रमहरु आयोजना गरिनेछ।

जनकपुरधामपछि ती परिक्रमा टोली भारत बिहारको दरभंगा, अहिल्यास्थान, पातरपुर, सिमरिया र विशौल हुँदै पुनः हाजीपुर पुगेर एक दिने विभिन्न कार्यक्रम आयोजना गरी सम्पन्न हुने छ । सो परिक्रमा टोली नेपाल भारत मिथिला क्षेत्रका ७ सयभन्दा बढी साधुसन्त, धर्मगुरु सहित श्रद्धालु भक्तजनहरुको सहभागिता रहनेछ । जनकपुरधामबाट समेत परिक्रमा टोलीमा साधुसन्त र श्रद्धालुहरु सहभागी हुन चाहेमा जानकी मन्दिर र विश्वहिन्दु परिषदद्वारा व्यवस्थापन गर्न सकिने जानकारी दिए।

# जेन- जी आन्दोलनका घाइतेलाई परिचयपत्र वितरण शुरु




टुडे समाचारदाता

जलेश्वर । सरकारको निर्देशनअनुसार जेन- जी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण प्रक्रिया महोत्तरी जिल्लामा शुरु गरिएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले जारी गरेको सूचनामार्फत जिल्लाभित्र स्थायी ठेगाना भएका घाइते व्यक्तिहरूलाई सक्कल नागरिकता प्रमाणपत्रसहित कार्यालयमा सम्पर्क गर्न अनुरोध गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारीको हस्ताक्षरमा जारी सूचनामा भनिएको छ, "गृह मन्त्रालय (राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा) बाट प्राप्त निर्देशन तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विवरणअनुसार जेनजी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण गरिनुपर्ने भएकाले सम्बन्धित व्यक्तिहरूले कार्यालयमा सम्पर्क गरी परिचयपत्र प्राप्त गर्नुपर्नेछ।"

कार्यालयले उपलब्ध गराएको विवरणअनुसार परिचयपत्र वितरणका लागि पहिचान गरिएका घाइतेहरूमा अरविन्द साह (३१ वर्ष, गौशाला-९), रञ्जन कुमार यादव (२८ वर्ष, महोत्तरी), सञ्जय श्रेष्ठ (२९ वर्ष, महोत्तरी), रामबाबु सिंह (५८ वर्ष, महोत्तरी), प्रदीप सिंह (२९ वर्ष, बर्दिबास), सर्वेश यादव (२२ वर्ष, बर्दिबास) र अरुण साह (३१ वर्ष, महोत्तरी) रहेको जनाइएको छ।

उनीहरू आन्दोलनका क्रममा घाइते भएपछि नेशनल ट्रमा सेन्टर, सिभिल सर्विस अस्पताल, किर्तिपुर अस्पताल र रामेछाप अस्पताल लगायतका स्वास्थ्य संस्थामा उपचार गराइएको थियो।

जिल्ला प्रशासन कार्यालयले तोकिएको समयसीमाभित्र सम्पर्क गरी परिचयपत्र ग्रहण गर्न आग्रह गर्दै भनेको छ, "परिचयपत्र वितरण कार्य नेपाल सरकारको राहत कार्यक्रमसँग सम्बन्धित भएकाले समय मै सम्पर्क नगरिएमा प्रक्रिया ढिलो हुन सक्नेछ।"

जेन- जी आन्दोलनका क्रममा विभिन्न स्थानमा भएको भिडन्तमा धेरैजना घाइते भएका थिए। ती घाइतेहरूको पहिचान, उपचार खर्च व्यवस्थापन र राहत वितरणलाई व्यवस्थित गर्न सरकारले परिचयपत्र वितरण प्रक्रिया अघि बढाएको जनाइएको छ।

# खेलकुदप्रति प्रदेश सरकार गम्भीर हुन जरुरी : सचिव कानु

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश खेलकुद परिषद्ले प्रथम वार्षिकोत्सवको अवसरमा प्रभात रैली आयोजना गरेको छ।




परिषद्ले जनकपुरधामस्थित रेल्वे स्टेशनबाट शुरु भइ कदम चोक, जनक चोक हुँदै जानकी मन्दिरमा पुगी प्रभात रैली सम्पन्न गरेको छ।

मधेशका प्रत्येक नागरिकलाई परिषदले खेलकुदसंग जोड्ने अभिप्रायले कार्यहरु भइरहेको मधेश खेलकुद परिषदका सदस्य सचिव शिवजी प्रसाद कानुले जानकारी दिए । आफ्नो एक वर्षे अवधिमा प्रदेश सरकारले योजनामा राखेका विभिन्न प्रतियोगिता तथा प्रशिक्षण कार्यक्रमहरु परिषद्ले सम्पन्न गरिसकेको बताए । आगामी दिनमा प्रतियोगिता, प्रशिक्षण, खेलाडीहरुको व्यक्तित्व विकास, खेलाडीहरुको पारिश्रमिक, भत्तालगायतका विषयमा विभिन्न गतिविधि गर्ने लक्ष्य रहेको उनको भनाइ छ।

खेलकुदले समाजलाई स्वस्थ्य, अनुशासित र सभ्य बनाउने भएकाले खेलकुदम क्षेत्रमा लगानी हुनु आवश्यक रहेको हुनाले प्रदेश सरकारले यसतर्फ ध्यान दिन जरुरी रहेको उनले बताए । प्रदेश सरकार खेलकुद क्षेत्रमा अझै गम्भीर हुन नसकेको उनले गुनासो गरे । परिषद्को नाममा आफ्नो बैंक खाता संचालनमा नरहेको हुँदा खेलकुदसंग सम्बन्धित गतिविधि संचालन गर्न कठिनाइ रहेको बताए।

# विनाविभागीय मन्त्री विच्छालाई निलम्बन गर्न सिफारिश

टुडे समाचारदाता

जनकपुरधाम। राष्ट्रिय प्रजातन्त्र पार्टीले मधेश प्रदेशकी नवनियुक्त विनाविभागीय मन्त्री कञ्चन विच्छाको प्रदेश सांसद पदबाट कारबाही गरेको छ।



पार्टीको अनुशासन र विधि विपरीत मन्त्री बनेकी कञ्चन विच्छालाई कारबाहीका लागि राप्रपाको अनुशासन समितिले सिफारिश गरेको छ।

काठमाण्डुमा बिहीबार बसेको अनुशासन समितिको बैठकबाट विच्छालाई सांसदबाट हटाउन र पार्टीको सदस्यसमेत नरहने गरी कारबाही गर्न पार्टीलाई सिफारिश गरेको छ।

विवादास्पद ढंगले मुख्यमन्त्री बनेका एमालेका सरोजकुमार यादवले विच्छालाई विनाविभागीय मन्त्रीको शपथ खुवाएका थिए। त्यसलगत्तै राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई उनले फिर्ता हुन निर्देशन दिएका थिए। यसका साथै अनुशासन समितिले उनलाई बुधबार २४ घण्टे स्पष्टीकरण सोधेको थियो।

विच्छाले चित्तबुझ्दो स्पष्टीकरण नदिएपछि रोशन कार्कीको अध्यक्षतामा बसेको समिति बैठकबाट कारबाहीका लागि सिफारिश गरेको छ। समितिको सिफारिश अनुसार चाँडै कार्यसम्पादन समितिको बैठक बसेर कारबाहीको निर्णय लिइने राप्रपा प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए।




**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८